


नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com | @ehimalayatimes | @himalaya_times




वर्ष २७, अंक २८३ काठमाडौं | २०७९ असोज २६ बुधबार | कार्तिक कृष्णपक्ष, तृतीया | नेपाल संवत् ११४२ | HIMALAYA TIMES | Wednesday 12 Oct. 2022 | पृष्ठ ८ | मूल्य रु. ५।-

## लामो अवधिसम्म कायममुकायमकै भरमा न्यायपालिका

### विज्ञ भन्छन्- कामु प्रधानन्यायाधीशबाटै संविधानको उल्लंघन



**दीर्घकालीन असर पार्ने निर्णयहरू कामु प्रधानन्यायाधीशले गर्न मिल्दैन : न्यायाधीश भट्टराई**



**यज्ञराज पाण्डे/हिटा**

**काठमाडौं, २५ असोज**

गत फागुन २ गते प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध प्रतिनिधिसभामा महाभियोगको प्रस्ताव दर्ता भएपछि कायममुकायमको नेतृत्वमा आएको न्यायालय आठ महिनासम्म पनि कामुकै भरमा चलेको छ । संविधानले न्यायालयभित्रको न्यायिक तथा प्रशासनिक काम कारबाहीको प्रमुख जिम्मेवारी प्रधानन्यायाधीशलाई सुम्पिए पनि अल्पकालीन रूपमा नेतृत्वमा गएका कामु प्रधानन्यायाधीशले लिने कतिपय निर्णयहरू भने संविधानकै विपरीत देखिएका छन् । संविधानले न्यायालयको सम्पूर्ण जिम्मेवारी प्रधानन्यायाधीशलाई मात्रै तोके पनि कामु प्रधानन्यायाधीशले संवैधानिक प्रावधान बेगर निर्णय लिंदा संविधानकै उल्लंघन भएको विज्ञहरूको टिप्पणी छ ।

#### न्यायालयलाई राजनीतिले कब्जा गर्दा दुर्दशा देखियो : वरिष्ठ अधिवक्ता श्रेष्ठ

राजनीतिको प्रभाव न्यायालयमा परेपछि न्यायालय संविधान र विधिको शासन अनुकूल चल्न नसकेको



दाबी गर्नुहुन्छ वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठ । न्यायालयभित्रको नेतृत्व आउने/जानेक्रम संविधानमै उल्लेखित प्रावधान अनुकूल हुनुपर्नेमा न्यायालय राजनीतिको बन्दी बनेको उहाँ टिप्पणी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'सर्वोच्च अदालतको प्रधानन्यायाधीश भनेको निकै मर्यादित पद हो जसको आगमन र

» पृष्ठ २ मा क्रमशः

जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराई न्यायपालिकालाई दीर्घकालीन असर पार्ने खालका निर्णयहरू कामु प्रधानन्यायाधीशले गर्न नमिल्ने बताउनुहुन्छ । प्रधानन्यायाधीश सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था भएमा प्रधानन्यायाधीशको अनुपस्थितिमा कजलिस्ट तोक्ने एवं दैनिक प्रशासकीय कार्य सम्पादनको अवरोध फुकाउने जिम्मेवारी मात्र कामु प्रधानन्यायाधीशको हुने उहाँको तर्क छ । तर, संवैधानिक परिषद् र न्याय सेवा अयोगको अध्यक्षता गरी दीर्घकालीन असर पार्ने खालका निर्णयहरू गर्दा संविधानकै उल्लंघन हुने उहाँ दाबी गर्नुहुन्छ । न्यायाधीश भट्टराई भन्नुहुन्छ, 'कामुकै हैसियतमा परिषद् र आयोगको अध्यक्षता गर्ने र त्यसपछिको तेस्रो वरीयताक्रमको व्यक्तिले अनधिकृत रूपमा वरिष्ठतम् न्यायाधीशको हैसियत ग्रहण गरी न्यायपालिकालाई दीर्घकालीन

» पृष्ठ २ मा क्रमशः

सत्ता गठबन्धन बैठक :

## बागी उम्मेदवारी फिर्ता लिन सत्ता गठबन्धनको निर्देशन, अवज्ञा गरे पार्टीबाट निष्कासन गर्ने चेतावनी

### ● सरकारबाट जसपाका मन्त्री हटाउने तयारी




**अनिल क्षेत्री/हिटा**

**काठमाडौं, २५ असोज**

सत्ता गठबन्धनले सहमतिविपरीत गठबन्धन दलका उम्मेदवारविरुद्ध परेका बागी उम्मेदवारी फिर्ता लिन २० घण्टाको अल्टिमेटम दिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार बसेको सत्ता गठबन्धन दल नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताको बैठकले पूर्व-सहमतिविपरीत दलका नेताहरूले दिएको उम्मेदवारी फिर्ता गराउन निर्देशन दिएको हो । बैठकपछि प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संयुक्त विज्ञप्ति जारी गरेर आ-आफ्नो पार्टीका गठबन्धनमा भएको सिट बाँडफाँटविपरीत उम्मेदवारी दिने नेताहरूलाई फिर्ता हुने निर्देशन दिनुभएको छ ।

समयभित्र उम्मेदवारी फिर्ता नलिए सम्बन्धित पार्टीले निष्कासन गर्ने चेतावनी दिँदै विज्ञप्तिमा भनिएको छ, 'सम्बन्धित

» पृष्ठ २ मा क्रमशः



#### ■ संविधान जोगाउन गठबन्धनले जित्नुपर्छ : अध्यक्ष केसी




सत्तारूढ गठबन्धनको एक घटक राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं बागलुङ-१ मा गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार चित्रबहादुर केसीले आसन्न संघ र प्रदेशको चुनाव सत्तारूढ गठबन्धनले जित्नुपर्नेमा बताउनुभएको छ । सत्ता गठबन्धन दलद्वारा मंगलबार बागलुङ सदरमुकाममा आयोजित पत्रकार भेटघाटमा बोल्दै अध्यक्ष केसीले चुनावमा अग्रगमनकारी शक्तिले जित्ने कि परिवर्तन विरोधीले भन्ने विषय गम्भीर प्रश्न बनेर आएको उल्लेख गर्दै भन्नुभयो, 'अहिलेको चुनाव अग्रगमन र प्रतिगमन बीचको लडाइँ हो, संविधान र गणतन्त्र

» पृष्ठ २ मा क्रमशः

#### ■ सत्ता गठबन्धनलाई दुईतिहाइ बहुमत दिन गृहमन्त्रीको आग्रह

गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सत्तारूढ गठबन्धनलाई दुईतिहाइ बहुमत दिन आग्रह गर्नुभएको छ ।



गृहमन्त्री खाँणले नागरिकताविहीन नेपाली नागरिकहरूलाई नागरिकता दिन संविधान संशोधन गर्नुपर्ने भएकाले पनि सत्तारूढ गठबन्धनलाई दुईतिहाइ बहुमत आवश्यक रहेको जिकिरसमेत गर्नुभयो । मंगलबार काठमाडौंमा आयोजित गैरआवासीय नेपाली संघको वार्षिक साधारणसभामा बोल्दै खाँणले राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानविपरीत गएर नागरिकता विधेयक प्रमाणीकरण नगरेका कारण गैरआवासीय नेपालीहरूलाई पनि नागरिकता दिने संवैधानिक व्यवस्था कार्यान्वयन गर्न नसकिएको उल्लेख गर्नुभयो ।

## कर्णाली प्रदेशमा बाढीपहिरोबाट मृत्यु हुनेको संख्या ३३ पुग्यो, ४८० घरपरिवार विस्थापित

**हिमालय टाइम्स**

**काठमाडौं, २५ असोज**

केही दिनदेखिको अविरल वर्षाले पश्चिम नेपालमा ठूलो जनधनको क्षति गरेको छ । लगातारको वर्षाले कर्णाली र सुदूरपश्चिमका विभिन्न ठाउँमा बाढी, पहिरो र डुबानले जनधनको क्षति गरेको हो । कर्णाली प्रदेशभर बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या ३३ पुगेको छ । प्रदेश प्रहरी कार्यालय कर्णालीका अनुसार प्रदेशभर मृत्यु हुनेको संख्या ३३ पुगेको हो । सबैभन्दा धेरै जुम्लामा नौ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय कर्णाली प्रदेशका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार मुगुमा आठ, कालिकोट र हुम्लामा चार/चार, जाजरकोटमा तीनको मृत्यु भएको छ । डोल्पा र सल्यानमा दुई/दुई जनाको मृत्यु भएको छ भने दैलेखमा एकजनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । सुर्खेत र रुकुम पश्चिममा भने मानवीय क्षति नभएको प्रहरीको भनाइ छ ।

#### ■ २२ जना अझै बेपत्ता

प्रहरी प्रवक्ता श्रेष्ठले २२ जना अझै बेपत्ता भएको र उनीहरूको खोजी कार्य जारी रहेको बताउनुभयो । बेपत्ता हुने सबैभन्दा धेरै कालिकोटका एक प्रहरी जवानसहित २० छन् । जुम्लाका दुई र दैलेखका एकजना छन् ।







बाढीपहिरोमा परी प्रदेशभर २१ घाइते भएको विवरण प्रहरीको तथ्यांकमा छ । जसअन्तर्गत कालिकोटका मात्रै सातजना छन् भने मुगु र हुम्लाका पाँच/पाँचजना घाइते भएका छन् । जुम्लाका दुई, रुकुम पश्चिमका एक र जाजरकोटमा एकजना घाइते भएको र उनीहरूको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

#### ■ सयौं घरपरिवार विस्थापित

लगातारको वर्षाका कारण कर्णाली प्रदेशभर ४८० घर परिवार विस्थापित भएका छन् । प्रहरीको तथ्यांकअनुसार सबैभन्दा धेरै दैलेखमा १०३ घर परिवार विस्थापित भएका छन् । मुगुका १७८ घर परिवार विस्थापित हुँदा जुम्लाका ८६, कालिकोटका ४८, हुम्लाका ४०, सल्यानका नौ, सुर्खेतका आठ घरपरिवार विस्थापित भएका हुन् । यस्तै, डोल्पाका चार घरपरिवार विस्थापित हुँदा जाजरकोट र रुकुम पश्चिमका दुई/दुई घरपरिवार विस्थापित भएका छन् ।

#### ■ उद्धारमा नेपाली सेना

केही दिनदेखि परेको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा गएको बाढी/पहिरोबाट जनजीवन

» पृष्ठ २ मा क्रमशः

## पहिरो जोखिममा पाल्पाका ३४ घर



**रामचन्द्र रायमाझी/हिटा**

**पाल्पा, २५ असोज**

एक सातादेखि परेको अविरल वर्षाका कारण पाल्पाका ३४ घर जोखिममा परेका छन् । जिल्लाका विभिन्न स्थानमा पहिरोसँगै घरहरू चर्किएर जोखिममा परेका हुन् । यहाँको रिब्दीकोट गाउँपालिका, बगनासकाली गाउँपालिका, निस्दी गाउँपालिका र तिनाउ गाउँपालिकाका ३४ घरहरू जोखिममा रहेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार रिब्दीकोटका सात घर, निस्दीका २५ घर, बगनासकालीका र तिनाउ गाउँपालिकाका एक/एक घर जोखिमका रहेका छन् । जोखिममा रहेका घरका परिवारलाई अन्यत्र स्थानान्तरण गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरमा रहेका सम्पूर्ण सामानहरू समेत सारिएको छ । तत्काललाई वर्षाबाट जोखिम कम गर्नका लागि केही स्थानमा प्लाष्टिकले पानी तर्काउने काम गरिएको छ ।

निस्दी गाउँपालिका-३ च्याम्रुङस्थित भित्री कच्ची सडक खण्डमा माथिबाट पहिरो खस्दा काउली-दुङ् गनाबेसी सडकखण्ड अवरुद्ध बन्नुको साथै यहाँका २५ घरहरू जोखिममा रहेका छन् । च्याम्रुङ सामुदायिक भवन, लक्ष्मी देवी माविको भवनसमेत पहिरोका कारण जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले बताउनुभयो । जोखिममा रहेका घरमध्ये केही कच्ची र केही पक्की छन् । यस्तै, रिब्दीकोट गाउँपालिका-३ हार्थोकमा पाँच घर जोखिममा छन् । हार्थोकका नारायण कार्कीको दुई तले दुईवटा पक्की घर, सोही ठाउँका विष्णु पोखरेल,

» पृष्ठ २ मा क्रमशः




महेश बस्ताकोटी




## प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि तीन हजार ४५१ उम्मेदवार चुनावी मैदानमा



**डिबी शर्मा/हिटा**

**काठमाडौं, २५ असोज**

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दिएकाहरूको विवरण सार्वजनिक गरेको छ । आयोगले मंगलबार साँझ सार्वजनिक गरेको विवरणअनुसार प्रतिनिधिसभा र प्रदेशसभामा गरी कुल तीन हजार ४५१ जनाले उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभातर्फ दुई हजार ५३१ जनाले उम्मेदवारी दिएका छन् भने प्रदेशसभातर्फ तीन हजार ४८१ जनाको

» पृष्ठ २ मा क्रमशः

#### ■ तीनजनाको उम्मेदवारी खारेज



निर्वाचन आयोगले नागरिक उन्मुक्ति पार्टीका नेता लक्ष्मण चौधरी (थारू)को उम्मेदवारी खारेज गरेको छ । उच्च अदालत दिपायलले जन्म कैदको फैसला सुनाएका थारूको उम्मेदवारी आयोगले मंगलबार बदर गरेको हो । स्वतन्त्र उम्मेदवार रामबहादुर सिंहले फौजदारी अभियोग लागेर अदालतले जन्म कैदको सजाय हुने फैसला सुनाएका थारूको उम्मेदवारी खारेज गर्न माग गर्दै हालेको निवेदनमाथि सुनवाइ गर्दै मुख्य निर्वाचन अधिकृत ओमप्रकाश अर्यालले उम्मेदवारी बदर हुने निर्णय सुनाउनुभएको हो । थारूले वारेसमार्फत कैलाली निर्वाचन क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका थिए । थारूलाई ज्यान मार्ने उद्योगमा जिल्ला अदालत

» पृष्ठ २ मा क्रमशः




CMYK

# राष्ट्रपति भण्डारी अस्पतालबाट 'डिस्चार्ज'

**काठमाडौं/हिटा ।** राष्ट्रपति विद्यादेवी भण्डारी उपचारपछि अस्पतालबाट डिस्चार्ज हुनुभएको छ । कोरोना संक्रमण भई त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा उपचाररत उहाँको स्वास्थ्यमा सुधार आएपछि मंगलबार दिउँसो पौने १ बजे अस्पतालबाट डिस्चार्ज भएको अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले जानकारी दिनुभयो । 'उहाँको स्वास्थ्य अवस्थामा सुधार देखिएपछि घर फर्कनुभएको हो', उहाँले भन्नुभयो, 'राष्ट्रपति भण्डारीको ज्वरोलगायत स्वास्थ्यका अन्य सूचकांकहरू सामान्य छन् ।' यही असोज २२ गते राष्ट्रपति भण्डारीलाई रुघाखोकी र ज्वरो आएपछि अस्पतालको एनेक्स वार्ड नं ६०१ मा भर्ना गरी उपचार गरिएको थियो । त्यस क्रममा पिसिआर परीक्षण गर्दा कोरोना संक्रमण देखिएको थियो । उहाँको उपचारमा डा. नीरज बमको नेतृत्वमा चिकित्सकको टोली खटिएको थियो ।



## कर्णाली ...

« पृष्ठ १ बाट क्रमशः

प्रभावित क्षेत्रमा नेपाली सेनाले खोज तथा उद्दार गरिरहेको छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार कैलालीको भजनी नगरपालिका-३ पक्रेडाँडाको डुबान प्रभावित इलाकामा स्थानीयको उद्दार गर्नुका साथै राहत सामग्री वितरण गरिएको छ ।

### ■ बाँकेमा हजारौं हेक्टर धान बालीमा क्षति

केही दिनयता निरन्तर परेको वर्षाले बाँकेमा धान बालीमा ठूलो क्षति भएको छ । कृषि ज्ञानकेन्द्र, बाँकेले दिएको प्रारम्भिक जानकारीअनुसार जिल्लाको कुल खेतीयोग्य जमिनमध्ये सात हजार ४६० हेक्टर क्षेत्रफलमा लगाइएको धान बालीमा नोक्सानी भएको छ । पछिलो समयसम्म नेपालगञ्ज उपमहानगरपालिकामा ३६५ हेक्टर, नरैनापुर गाउँपालिकामा ३८० हेक्टर, राप्तीसोनारी गाउँपालिकामा एक हजार ६५० हेक्टर, डुडुवा गाउँपालिकामा एक हजार ४६० हेक्टर र खजुरा गाउँपालिकामा एक हजार ९५ हेक्टर क्षेत्रफलमा लगाइएको धान बालीमा क्षति पुगेको कृषि ज्ञानकेन्द्र, बाँकेका निमित्त प्रमुख सकिल अहमदले जानकारी दिनुभयो ।

त्यस्तै, वैजानाथ गाउँपालिकामा ८३० हेक्टर, कोहलपुर नगरपालिकामा ७३० हेक्टर र जानकी गाउँपालिकामा ९५० हेक्टर क्षेत्रफलमा लगाइएको धानी बाली निरन्तर परेको वर्षाले डुबाएको छ । बाँकेमा कुल खेतीयोग्य जमिन ३५ हजार हेक्टर रहेको छ ।

### ■ कर्णाली राजमार्ग खुल्न अझै समय लाग्ने

लगातारको अविरल वर्षाका कारण अवरुद्ध कर्णाली राजमार्ग खुल्न अझै समय लाग्ने भएको छ । कर्णाली राजमार्गको कालिकोट सडकखण्डको तीन दर्जनभन्दा बढी ठाउँमा पहिरो गएपछि राजमार्ग सञ्चालनमा आउन अझै केही समय लाग्ने भएको छ ।

कर्णाली राजमार्गको विभिन्न ठाउँमा पहिरो झरेकाले राजमार्ग सञ्चालन हुन सकेको छैन । राजमार्ग सञ्चालन नहुँदा छोटो तथा लामो दूरीका सवारीसाधन चल्न सकेका छैनन् । कर्णाली राजमार्गको कालिकोट सडकखण्ड सञ्चालन हुन अझै केही समय लाग्ने कालिकोटका प्रमुख जिल्ला अधिकारी रामहरि शर्माले बताउनुभयो ।

## प्रदेश ...

« पृष्ठ १ बाट क्रमशः

विवरण आयोगले सार्वजनिक गरेको हो । आयोगले विभिन्न राजनीतिक दल र स्वतन्त्रबाट आागामी निर्वाचनमा भाग लिनका लागि मनोनयन दर्ता गराउने उम्मेदवारको नामावली सार्वजनिक गरेको हो । प्रतिनिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दिएका उम्मेवारदले आज (बुधबार) नाम फिर्ता लिन सक्नेछन् । बुधबार बिहान १० देखि अपराह्न १ बजेसम्म मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले नाम फिर्ता लिन सक्ने आयोगले जनाएको छ । उम्मेदवारले उम्मेदवारी फिर्ता लिएपछि आयोगले अपराह्न १ देखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेछ । बिहीबार अपराह्न ४ देखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम छ ।

## तीनजनाको ...

« पृष्ठ १ बाट क्रमशः

कैलालीबाट सजाय भएको र उच्च अदालतले कर्तव्य ज्यान मुद्दामा जन्मकैदको सजाय तोकेकाले उम्मेदवारी बदर हुने निर्णय गरिएको अर्यालले बताउनुभयो । नौ जनाको ज्यान जाने गरी भएको टीकापुर घटनामा मुछिएका लक्ष्मण थारूलाई उच्च अदालत दिपायलले २ पुस २०७७ मा जन्मकैदको फैसला सुनाएको थियो । त्यसअघि जिल्ला अदालत कैलालीले थारूलाई तीन वर्ष कैद सजाय तोकेको थियो । उनी पुर्पक्षमै तीन वर्षभन्दा बढी बसेर छुटेका थिए । यस्तै, रुकुम पश्चिमको प्रदेशसभा निर्वाचन क्षेत्र 'ख' मा नेपाली कांग्रेसका उम्मेदवार प्रेमप्रकाश वलीको उम्मेदवारी खारेज भएको छ । बैंकिङ कसुरमा उच्च अदालत सुर्खेतबाट दोषी ठहर भएर सजाय पाएका वलीविरुद्ध उम्मेदवार हुन अयोग्य भएको भन्दै सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो । माओवादी केन्द्रका प्रदेशका उम्मेदवार राजकुमार शर्माको तर्फबाट दाबी विरोधको उजुरी परेको थियो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले मंगलबार वलीको उम्मेदवारी खारेज गरेको हो । कांग्रेस नेता वलीलाई बैंकिङ कसुर मुद्दामा एक महिना कैद र जरिवाना हुने ठहरी फैसला भएको थियो । तर, उनले सजाय भुक्तान नगरेकाले अयोग्य रहेको दाबी गरिएको थियो ।

प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाको मनोनयन भने कायमै राख्ने आयोगले निर्णय गरेको छ । देउवाविरुद्ध परेको उजुरीमाथि छानबिन गर्दा सामान्य त्रुटि फेला परेकोले उम्मेदवारी रद्द गर्नुपर्ने अवस्था नभएको भन्दै आयोगले उम्मेदवारी कायमै राख्ने निर्णय भएको हो । डडेल्धुराका मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले नागरिकताको प्रमाणपत्र र मतदाता परिचयपत्रमा फरक फरक जन्ममिति रहेको भन्दै परेको उजुरी छानबिन गर्दा सामान्य त्रुटि फेला परेको बताउनुभयो । डडेल्धुराबाट प्रतिनिधिसभाका लागि उम्मेदवारी दिएका प्रधानमन्त्री देउवाको नागरिकता र मतदाता परिचय पत्रमा जन्ममिति फरक रहेको भन्दै प्रतिस्पर्धी उम्मेदवार कर्ण मल्लेले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिनुभएको थियो ।

सरकारी कर्मचारी र शिक्षकले उम्मेदवारसँगको फोटो सामाजिक सञ्जालमा राखे कारबाही हुने, पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाइने

निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्ने सरकारी कर्मचारी तथा शिक्षकमाथि कारबाही सुरु गरेको छ । प्रचारप्रसारमा संलग्न कर्मचारी तथा शिक्षकहरूले उम्मेदवारसँग तस्बिर खिचाइ बधाई र शुभकामना दिने, राजनीतिक दल र उम्मेदवाका प्रचार सामग्री सेयर र लाइक गर्ने गरेका घटनाहरू अनुगमनका क्रममा पाइएको भन्दै आयोगले आवश्यक कारबाही प्रारम्भ गरेको जनाएको हो ।

आचारसंहिताको प्रतिकूल हुने गरी कतिपय सरकारी कर्मचारी तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकहरूले राजनीतिक दल र उम्मेदवारका पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न भएको पाइएको आयोगले जनाएको छ । आचारसंहितामा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने र सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसार सामग्री पोष्ट वा सेयर गर्न वा सामाजिक सञ्जालमार्फत मत माग्न नहुने व्यवस्था गरिएको छ ।

'उक्त व्यवस्था उल्लंघन गर्नेलाई निर्वाचन आयोग, ऐन २०७३ को दफा २३ बमोजिम स्पष्टीकरण सोधी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइएको' आयोगले मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

टीकापुर घटनामा दोषी ठहर भई कारागारमा रहेका रेशम चौधरीको उम्मेदवारी खारेज भएको छ ।

नागरिक उन्मुक्ति पार्टीको तर्फबाट बर्दिया-२ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवारी मनोनयन गरेका चौधरीको उम्मेदवारी खारेज हुने निर्णय भएको निर्वाचन अधिकृत नगेन्द्र लम्सालले जानकारी दिनुभयो ।

चौधरी जिल्ला अदालत कैलाली र उच्च अदालत डोटीबाट दोषी ठहर भएको र २०७४ फागुन १४ गतेदेखि निरन्तर कैदमा रहेको पुष्टि भएकाले उम्मेदवारी खारेज भएको उहाँले बताउनुभयो ।

'उहाँ २०७४ फागुन १४ देखि निरन्तर कैदमा रहेको भनी डिल्लीबजार कारागारले हामीलाई पत्र दिएको छ, उच्च अदालत डोटीबाट पनि उहाँ दोषी ठहर भएको पत्र दिएको छ' उनले भने, 'उहाँ प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को दफा १३ (झ) अनुसार उम्मेदवार हुन अयोग्य हुनुभयो ।'

ऐनको उक्त व्यवस्था अनुसार कैदमा बसेको व्यक्ति कैदमा रहेको अवधिभर उम्मेदवार बन्न अयोग्य हुन्छन् ।

चौधरीले २३ असोजमा आफ्ना प्रतिनिधि झकुप्रसाद चौधरीमार्फत उम्मेदवारी दर्ता गराउनु भएको थियो । तर उनको उम्मेदवारी विरुद्ध नेकपा माओवादी केन्द्रका उम्मेदवार सुरेश पन्थले निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएका थिए ।

२०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थारु समुदायको आन्दोलनका क्रममा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित ८ जनाको मृत्यु भएको थियो । सो घटनामा संलग्नताको आरोप लागेका चौधरीले फरार रहेकै अवस्थामा २०७४ सालको प्रतिनिधसभा निर्वाचनमा निर्वाचित हुनुभएको थियो ।

निर्वाचित भएपछि अदालतसमक्ष आत्मसमर्पण गरेका उहाँलाई कैलाली जिल्ला अदालतले ज्यान मुद्दामा दोषी ठहर गरेको थियो । जिल्ला अदालतको फैसलालाई उच्च अदालत डोटीले पनि सदर गरेको थियो । अदालतको फैसला अनुसार कारागारमा रहेका उनले डिल्लीबजार कारागारबाटै संसद् सचिवालमा आई प्रतिनिधिसभा सदस्यको शपथ लिनु भएको थियो ।

## न्यायालयलाई ...

« पृष्ठ १ बाट क्रमशः

बिदाइ संवैधानिक व्यवस्थाबमोजिम हुन्छ । तर, यहाँ त मठाधीश र सिण्डिकेट चलाउने केही वकिल तथा तिनका नेताको स्वार्थमा कसलाई प्रधानन्यायाधीश बनाउने वा कसलाई हटाउने चलखेल गरिन्छ ।'

त्यसो त न्यायालयभित्र वर्तमानमा गरिने निर्णय तथा गतिविधिहरूले नजिरका रूपमा दर्ज भई दीर्घकालीन असर पुऱ्याउँछन् । यसअघि तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग दर्ता गर्दा नेतृत्वमा रहेको तत्कालीन सरकारको स्वार्थको प्रतिफल भएको धेरैको टिप्पणी थियो भने अहिले प्रधानन्यायाधीश जबरामाथिको महाभियोग पनि सत्ता गठबन्धनको स्वार्थको प्रतिफल रहेको बताउनुहुन्छ वरिष्ठ अधिवक्ता श्रेष्ठ । उहाँ भन्नुहुन्छ, 'जबराले गलत काम नै गरेका थिए भने पनि त्यसको संवैधानिक रूपमा अनुसन्धान गरी महाभियोग पारित गरेर मात्रै हटाउनु पर्थ्यो तर संसद् त्यसमा निकम्मा देखियो । दर्ज भएको तीन महिनाभित्रै टुंग्याइनुपर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै पनि पाँच महिनासम्म जबरालाई लिंगरिंग गराई संसद्ले उक्त प्रस्ताव थन्काएर राख्यो र आफ्नो अवधि सकिएपछि पनि कुनै टुंगो लगाउन सकेन ।' सरकारमा भएका पार्टी तथा तिनका नेताहरूले प्रधानन्यायाधीश नै कसलाई बनाउने वा कसलाई हटाउने गलत नजिर बसाउन लागिएको वरिष्ठ अधिवक्ता श्रेष्ठको टिप्पणी छ । उहाँ भन्नुहुन्छ, 'भोलिका दिनमा सरकारलाई कुनै न्यायाधीशले सहयोग नगर्ने हो भने महाभियोग दर्ता गराएर काम गर्न नदिने र आफूले भनेबमोजिम काम गर्नेलाई नेतृत्व सुम्पिने यस्तो प्रकारको गलत प्रवृत्ति न्यायालयमा हावी हुँदा न्यायालय नै धुमिल बन्दै छ ।'

**प्रधानन्यायाधीश तथा कामु प्रधानन्यायाधीशको भूमिकाबारे के भन्छ संविधान ?**

संविधानको धारा १२९ को उपधारा (६) हेर्दा चारवटा कारण उत्पन्न भएमा वरिष्ठतम् न्यायाधीशले कायममुकायम भई काम गर्ने प्रावधान छ- (१) प्रधानन्यायाधीशको पद रिक्त भएमा, (२) कुनै कारण प्रधानन्यायाधीश आफ्नो काम गर्न असमर्थ भएमा, (३) बिदामा बसेको वा (४) नेपालबाहिर गएको कारणले प्रधानन्यायाधीश सर्वोच्च अदालतमा उपस्थित नहुने अवस्था भएमा । यसर्थमा प्रधानन्यायाधीशको अनुपस्थितिमा कजलिस्ट तोक्ने एवं दैनिक प्रशासकीय कार्य सम्पादनको अवरोध फुकाउन यो प्रावधान राखिएको देखिन्छ । तर, प्रधानन्यायाधीश जबराको अनुपस्थितिमा दीपककुमार कार्कीले कामु वा निमित्त भई गर्नुभएका न्याय परिषद्का निर्णय तथा न्यायाधीशको सरुवा, बढुवा र नियुक्तिका कामका बारेमा भने संविधानमा उल्लेख भएको देखिँदैन । उहाँलाई उक्त अधिकार संविधानले नै नदिएकाले उहाँका काम कारबाहीमाथि प्रश्न उठेको हो ।

त्यसो त दीपककुमार कार्कीको अवकाशपछि अहिले कामुको नेतृत्व गर्ने अवसर वरिष्ठतम् न्यायाधीशको हैसियतले हरिकृष्ण कार्कीलाई प्राप्त भएको छ । महाभियोगको टुंगो नलगाई प्रतिनिधिसभाको अवधि नै समाप्त भएपछि प्रधानन्यायाधीश जबरालाई सर्वोच्च आउन सरकारबाटै रोक लगाइएको छ । अबको एक महिनापछि प्रधानन्यायाधीश जबरा अवकाशमा जाँदै हुनुहुन्छ भने पूर्ण रूपमा प्रधानन्यायाधीश पदको जिम्मेवारी हरिकृष्ण कार्कीले सम्हाल्नुहुनेछ । तर, त्यसअघिसम्म कामु प्रधानन्यायाधीशका रूपमा रहनुभएका कार्कीका कामुको रूपमा गर्ने निर्णयहरू कति संवैधानिक हुन्छन् त्यो भने उहाँका आगामी गतिविधिले देखाउनेछ ।

## दीर्घकालीन ...

« पृष्ठ १ बाट क्रमशः

असर पार्ने खालका निर्णयहरू कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीका पालामा भए/गराइए । यी सबै कार्य कानुनविद् (लम्यान) को मात्र नभई सामान्य व्यक्ति (लेम्यान) को नजरमा पनि अनधिकृत र असंवैधानिक मानिन्छन् ।' प्रधानन्यायाधीश जबरालाई काममा रोक लगाएलगत्तै संविधानको धारा १२९ को उपधारा (६) बमोजिम दीपककुमार कार्कीले कामु प्रधानन्यायाधीशको रूपमा न्यायपालिकाको नेतृत्व सम्हाल्नुभयो । कामु भएको १० दिनमै परिषद्को बैठक डाकी विशेष अदालत र राजस्व न्यायाधीकरणमा न्यायाधीश तोक्ने एवं काज सिफारिस गर्ने कार्य भयो । त्यसको १५ दिनपछि पुन: सर्वोच्च अदालत र उच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिस एवं एकजना मुख्य न्यायाधीशलाई काज फिर्ताको निर्णय भयो । सर्वोच्चमा सिफारिस व्यक्तिको निर्विवाद छवि र काज फिर्ता गरिएका मुख्य न्यायाधीशको विवादित पृष्ठभूमिका कारण परिषद्को निर्णयको उति विरोध नभए पनि उच्च अदालतको न्यायाधीश पदमा सिफारिस भएका मुख्य रजिष्ट्रार लालबहादुर कुँवरले पद अस्वीकार गरेपछि निर्णय पछाडि लुकेको व्यक्तिगत रिसइबी र बदलाभाव उदांगिएको थियो । मुख्य सचिव सरहको मुख्य रजिष्ट्रारलाई बेइज्जतीपूर्ण तरिकाले जबरजस्ती बिदा बस्न बाध्य पारि उक्त पदलाई पनि आफूजस्तै कामु बनाई दुरुपयोग गरियो । परिषद् पदाधिकारीहरूको व्यक्तिगत कोटा, आग्रह, पूर्वाग्रहका आधारमा परिषद्का नियुक्ति, सरुवा वा अन्य काम कारबाही हुने गरेको तथ्यलाई यसले थप पुष्टि गऱ्यो । त्यसपछि नौ पटकसम्म परिषद्को बैठक डाकी न्यायाधीश नियुक्तिको प्रक्रिया, सरुवा सिफारिसलगायत विभिन्न निर्णय भएका थिए ।

संविधानमा उल्लिखित पदाधिकारी पदेन अध्यक्ष वा सदस्य हुने पदमा तोकिएको पदाधिकारी स्वयं उपस्थित हुनुपर्ने अनिवार्यता भएको न्यायाधीश भट्टराईको दाबी छ । तर, कुनै पदाधिकारीको अनुपस्थिति सोभन्दा तलको कामु वा निमित्त भई काम गर्ने पदाधिकारीले पूर्ति गर्ने व्यवस्था संविधानमै उल्लेख भएबाहेक कुनै पनि संवैधानिक परिषद्मा दर्जा नपुगेको व्यक्तिले अनधिकृत अध्यक्षता वा प्रतिनिधित्व गरी निर्णय गर्न नमिल्ने कानुन व्याख्याको सर्वमान्य सिद्धान्त भएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'कामु भनेको दैनिक आइपर्ने प्रशासनिक कार्य गर्न बाटो फुकाउने कामचलाउ अस्थायी व्यवस्था हो नकि न्यायपरिषद् वा न्याय सेवा आयोगमा अध्यक्षता गरी दीर्घकालीन असर पर्ने संवैधानिक प्रकृतिका निर्णयहरू गर्ने पद । प्रधानन्यायाधीश प्रधानमन्त्रीपछिको सम्माननीय सम्बोधन हुने पद हो । उक्त हैसियत कामुलाई प्राप्त हुँदैन ।'


**Malika Rural Municipality**
Arkhawang, Gulmi
Lumbini Province, Nepal

**Invitation for Bids**

**Date of first publication: 25-September, 2022**
**Date of second publication: 12-October, 2022**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of goods as specified below under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website **http://www.bolpatra.gov.np/egp.** The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   **Information to deposit the cost of Bidding Document in Bank:**
   **Name of the Office** : Malika Rural Municipality, Arkhawang, Gulmi;
   **Name of Bank** : Bank of Kathmandu Ltd. (Malika Branch, Gulmi)
   **Office Account no** : 01840000051524 (Sthaniya taha sanchitkoshkhatumalikaga pa)
3. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
4. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Sthaniya taha dharautikhata (malikaga pa), A/CNo.:01840000054524) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. In case of confusion, contact 9843221728, 9857067906 within office hours. The name, identification number and other details of the contract is as follows:

| S N | Contract Name | Identification No. | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Medical Items For Malika Rural Municipality | OMRM-GUL -G-SQ -21 -2079/080 | 1000.00 | 45000 | 03/11/2022 12:00 | 03/11/2022 13:00 | Online |

***Chief Administrative Officer***


**आज मिति २०७९ साल आश्विन २६ गते बुधबार, ई.सं.- १२ अक्टोबर, २०२२ । तिथि- कार्तिक कृष्णपक्ष तृतीया, नक्षत्र- भरणी, योग- वज्र, करण- काण, चन्द्रराशि- मेष सूर्योदयः ६:०२, सूर्यास्तः १७:३६ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

- ***मेष*** : सामाजिक काममा प्रशंसित हुने अवसर पनि पाइने छ ।
- ***वृष*** : इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ ।
- ***मिथुन*** : आतिथ्यपूर्ण सम्मान र मिठो भोजनको प्राप्ति हुनेछ ।
- ***कर्कट*** : दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ ।
- ***सिंह*** : यात्रामा पनि झण्झट आइलाग्नेछ ।
- ***कन्या*** : पराक्रम र उत्साहमा कमी आउने छ ।
- ***तुला*** : अतिथिका रूपमा सम्मान पाइनेछ ।
- ***वृश्चिक*** : सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- ***धनु*** : परिवारका सदस्य बिरामी पर्नाले तनाव उत्पन्न हुनेछ ।
- ***मकर*** : आँटेताकेका काममा बाधा हुनेछ ।
- ***कुम्भ*** : सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।
- ***मीन*** : प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ ।

## पहिरोको ...

« पृष्ठ १ बाट क्रमशः

इन्द्र पाण्डे, र सुरज नेपालीको पक्की घर पहिरोका कारण जोखिममा रहेको प्रहरीले जनाएको छ । रिब्दीकोट-४ सिलाङथोकका ७३ वर्षीय गगनबहादुर खाम्चाको दुई तले घरको पछाडिबाट गाह्रो भत्किन जाँदा घर जोखिममा रहेको छ । यस्तै, वडा नं. ४ कै गायकटोलका राजकुमार सुनारको घरको गाह्रोसमेत भत्किन गई जोखिममा रहेको छ । बगनासकाली गाउँपालिका-७ दैलातुङका बलबहादुर साठीघरेको दुई तले घरको गाह्रो भत्किएको छ । यहाँ मानिस र पशुचौपायालाई अन्यत्र सारिएको छ ।

यस्तै, तिनाउ गाउँपालिका-६, मस्यामस्थित चिदीसमा पहिरोले घर पुरिएको छ । गोविन्दकुमारी सारुको दुई तले घरमा माथिबाट पहिरो खसेर घर भत्किएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घर भत्किँदा दुईजना घाइतेसमेत भएका छन् । घरलाई पहिरोले च्याप्दा २१ वर्षीया विष्णुमाया सारु र डेढ वर्षकी आरुषी खासु घाइते भएको प्रहरीले जनाएको छ । अविरल वर्षाका कारण माथिबाट आएको पहिरोले सारुको घर पुरेको हो । घरमा सबै सुतिरहेको अवस्थामा पहिरो जाँदा दुईजना घाइते भएका हुन् । जिल्लाको प्रहरी टोली पहिरो गएको र जोखिम रहेका घरहरूमा पुगेको र तत्काल राहतका लागि पहल गरेको बताएको छ । यहाँका स्थानीय सरकारले जोखिममा रहेका घर र पहिरो व्यवस्थापनमा विशेष योजना बनाएर काम गर्ने बताएका छन् ।

## बागी ...

« पृष्ठ १ बाट क्रमशः

पार्टी निकायहरूले पनि यो निर्देशन कार्यान्वयन गराउन सम्पूर्ण प्रयास गर्नुहुने छ । निर्वाचन आयोगद्वारा निर्धारित समयसीमा असोज २६ गते १ बजेभित्र त्यस्ता सदस्यहरूले उम्मेदवारी फिर्ता नलिएमा सम्बन्धित पार्टीहरूले निष्कासन गर्ने व्यहोरा अवगत गराइन्छ ।'

गठबन्धनमा आबद्ध दलहरूको तर्फबाट प्रस्तुत उम्मेदवारविरुद्ध उम्मेदवारी प्रस्तुत गर्ने सदस्यहरूलाई समयभित्रै आ-आफ्नो उम्मेदवारी फिर्ता लिन र आयोगद्वारा निर्धारित समयसीमा असोज २६ गते दिउँसो १ बजेभित्र उम्मेदवारी फिर्ता नलिएमा सम्बन्धित पार्टीहरूले निष्कासन गर्ने विज्ञप्तिमा भनिएको छ । बैठकले सम्बन्धित पार्टी कमिटीहरूलाई पनि बागी उम्मेदवारी फिर्ता गराउन पहल गर्न निर्देशन दिएको छ ।

### ■ जसपाका मन्त्रीले राजीनामा नदिए बर्खास्त गर्ने

प्रधानमन्त्री शेरबहादुर देउवाले जनता समाजवादी पार्टी (जसपा)का चार मन्त्रीलाई हटाउने तयारी गर्नुभएको छ । जसपाका मन्त्रीहरूलाई राजीनामा माग्ने तर नदिए बर्खास्त गर्ने प्रधानमन्त्रीको तयारी छ । मंगलबार गठबन्धनका शीर्ष नेताहरूसँगको परामर्शपछि प्रधानमन्त्रीले जसपाका मन्त्रीहरूसँग राजीनामा माग्नुभएको हो । प्रधानमन्त्रीले दिएको निर्देशन पुष्टि गर्दै जसपाका एक मन्त्रीले राजीनामा नदिए बर्खास्त हुने नरम भाषा प्रयोग गरिएको जानकारी दिनुभएको छ । कांग्रेस सभापति देउवा नेतृत्वको सरकारमा जसपाबाट प्रदीप यादव वन मन्त्री, मोहम्मद इस्तियाक राई भौतिक पूर्वाधार तथा यातायात मन्त्री, राजेन्द्रकुमार श्रेष्ठ संघीय मामिला तथा समान्य प्रशासन मन्त्री र मृगेन्द्रकुमार सिंह कृषि मन्त्री हुनुहुन्छ । सत्ता गठबन्धन छाडेर एमालेसँग चुनावी तालमेल गरेपछि जसपाका मन्त्रीलाई सरकारबाट हटाउन दबाब छ । मंगलबार बसेको गठबन्धनका शीर्ष नेताहरूको बैठकमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईलगायत गठबन्धनका नेताहरूले जसपाका मन्त्रीहरूलाई हटाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई सुझाव दिनुभएको छ । सोहीअनुसार देउवा मन्त्रीहरूलाई हटाउने तयारीमा रहेको जानकारी दिँदै बालुवाटार स्रोतले भन्यो, 'सत्ता गठबन्धनमा भएका कारण जसपाबाट मन्त्री भएका हुन् । अब जसपा विपक्षी गठबन्धनमा गइसकेपछि मन्त्रीहरू नैतिक रूपमा आफैँ सरकारबाट बाहिरिनुपर्ने थियो । तर, त्यसो गर्नुभएन । यस विषयमा प्रधानमन्त्रीज्यूले गठबन्धनका नेता र आफ्नो टिमसँग पनि छलफल गरिसक्नु भएको छ । उहाँले बर्खास्त नै गर्नुहुनेछ ।'

एमालेले जसपालाई प्रतिनिधिसभामा १७ र प्रदेशसभामा ४२ सिट दिने सहमतिअनुसार नै उम्मेदवारी परिसकेको छ । प्रधानमन्त्री देउवाले जसपाको मन्त्री हटाउने विषयमा निर्वाचन आयोग र कानुन व्यवसायीसँग समेत परामर्श लिइसक्नु भएको छ । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आचारसंहिता लागू भइसकेको छ । निर्वाचन आचारसंहितामा नयाँ मन्त्री नियुक्त गर्न नपाइने उल्लेख छ । तर, मन्त्री हटाउन भने आचारसंहिता लाग्ने भन्ने व्यवस्था छैन । निर्वाचन आयोगले पनि मन्त्री हटाउने प्रधानमन्त्रीको विशेष अधिकार भएकाले त्यसमा आचारसंहिताले नछुने बताएको छ । नयाँ मन्त्री नियुक्ति गर्न भने आयोगको सहमतिमा गर्न सकिने कतिपयको जिकिर छ ।

### ■ दोहोरियो २०७४ कै नियति

प्रधानमन्त्री शेरबहादुर देउवाले २०७४ को निर्वाचनमा गठबन्धनमा रहेको नेकपा माओवादी केन्द्रले विपक्षी नेकपा एमालेसँग गठबन्धन गरेपछि माओवादीबाट सरकारमा सामेल भएका मन्त्रीको विभागीय जिम्मेवारी खोस्नुभएको थियो । कांग्रेससँग गठबन्धनमा रहेकै बेला ०७४ असोज १७ गते माओवादी केन्द्रले प्रतिपक्षी एमालेसँग पार्टी एकताको लक्ष्यसहित वाम चुनावी गठबन्धन गरेको थियो । तर, त्यतिखेर देउवा मन्त्रिमण्डलमा रहेका माओवादीका एकजना उपप्रधानमन्त्रीसहित आठ मन्त्री र आठ राज्यमन्त्री पनि सरकारबाट फिर्ता भएनन् । विपक्षीसँग गठबन्धन गरे पनि सरकार नछोडेपछि प्रधानमन्त्री देउवाले सरकारमा रहेका माओवादीका मन्त्रीहरूलाई जिम्मेवारीविहीन बनाउनुभएको थियो ।

जिम्मेवारीविहीन भए पनि माओवादीका मन्त्रीहरू सिंहदरबारमा एकठाउँमा भेला हुने र फर्किने गरेर सुविधा लिएका थिए । तर, मन्त्रालयको जिम्मेवारी सम्हाल्न भने वञ्चित भएका थिए । ती मन्त्रालय देउवा आफैँले साथमा राख्नुभएको थियो । यसपालि त्यही नियति दोहोरिएको छ । सत्ता गठबन्धनमा छँदाछँदै यादवले एमालेसँग काँध मिलाउनुभएको छ । त्यतिबेला माओवादीले सरकार छाड्दा अल्पमतमा पर्ने अवस्था थियो । तर, अहिले अवस्था त्यस्तो छैन । अहिले प्रधानमन्त्रीलाई विश्वासको मत दिएका दलहरूको साथ हेर्दा जसपा सरकारबाट बाहिरिँदा पनि प्रधानमन्त्री अल्पमतमा पर्नुहुँदैन । यद्यपि, संसद् नै क्रियाशील नरहेकाले बहुमत अल्पमतको परीक्षण आवश्यक छैन ।

### ■ जसपाले मन्त्री फिर्ता नबोलाउने

जनता समाजवादी पार्टी (जसपा)ले विपक्षी दल एमालेसँग चुनावी तालमेल गरे पनि आफ्ना मन्त्रीहरू सरकारबाट फिर्ता नबोलाउने अडान राखेको छ । चुनावमा आफूले चाहेको जति सिट उपलब्ध नभएपछि उपेन्द्र यादव नेतृत्वको जसपाले अन्तिम घडीमा सत्तारूढ गठबन्धनबाट बाहिरिएर नेकपा एमालेसँग तालमेल गरेको छ । वर्तमान सरकारको अबको उद्देश्य नै चुनाव सञ्चालन भएकाले आफ्ना पार्टीका मन्त्रीहरू त्यसमा अडिग रहने दाबी गर्दै जसपाका प्रवक्ता मनिष सुमनले भन्नुभयो, 'यो त अब चुनावी सरकार हो । सफल रूपमा चुनाव सम्पन्न गराउनु यसको उद्देश्य हो । यसमा हाम्रा मन्त्रीहरू सहभागी भइरहन्छन् । पार्टीले मन्त्रीहरूलाई फिर्ता बोलाउने कुनै योजना बनाएको छैन ।' तीनजना राज्यमन्त्रीसहित २४ सदस्यीय मन्त्रिमण्डलमा हाल जसपाका चारजना मन्त्रीहरू रहेका छन् । जसपा सत्तारूढ गठबन्धनबाट बाहिरिनासाथ महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी भित्रिएको छ ।

## संविधान ...

« पृष्ठ १ बाट क्रमशः

जोगाउन अग्रगमनले जित्नैपर्छ, यो जीवन मरणको प्रश्न हो । राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षाका लागि गठबन्धनका उम्मेदवारलाई जिताउनुस् ।' अध्यक्ष केसीले संविधानका उपलब्धिको रक्षा गर्ने सर्तमा भिन्न विचार र कार्यशैली भएका दलहरूबीचमा संयुक्त चुनावी मोर्चा बनेको स्पष्ट पार्नुभयो ।

## नक्कली नोटसहित तीनजना पक्राउ

**बारा/हिटा ।** बाराबाट ठूलो परिमाणमा नक्कली नोटसहित तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत बिहार राज्यका रञ्जितकुमार मुखिया, बारा कलैया उपमहानगरपालिका-१५ बस्ने सैनुल्लाह अन्सारी र बारा सिम्रौनगढ नगरपालिका-२ बस्ने बिनाका मुखिया छन् । उनीहरूको साथबाट प्रहरीले नौ लाख रुपैयाँका नक्कली नोट बरामद गरेको छ । इलाका प्रहरी कार्यालय सिम्रौनगढको टोलीले सिम्रौनगढ-५ कनकपुर टोलबाट उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीले रञ्जितले कम्मर पेटीको भागमा लुकाएर ल्याएको नेपाली एक हजार दरका नोटको एक ठेली र उनले चलाएर आएको मोटरसाइकलको सिटमुनिबाट आठ ठेली गरी नौ ठेली नक्कलीजस्तो देखिने नौ लाख नोट फेला पारेको थियो । नक्कली नोटसहित पक्राउ परेकाहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## लेक लागेर दम्पतीको मृत्यु

**लमजुङ/रासस ।** लमजुङमा लेक लागेर एक दम्पती मृत्यु भएको छ । मृत्यु हुनेमा लालबन्दी नगरपालिका-१२ पत्थरकोटस्थित स्याङ्बो डाँडाका २७ वर्षीय बुद्धिमान योञ्जन र उहाँकी श्रीमती २६ वर्षीया शर्मिला तामाङ हुनुहुन्छ । लमजुङको मेमेपोखरीबाट फर्किने क्रममा लेक लागेर उहाँहरूको मृत्यु भएको प्रहरीले जनाएको छ । उहाँहरूको यही असोज १९ गते दशैंको टीकाको राती मृत्यु भएको हो । योञ्जन दम्पतीको शव सोमबार सर्लाही ल्याइएको थियो । दोर्दी र मस्याङ्दी गाउँपालिकाको सीमा क्षेत्रमा करिब तीन हजार नौ सय मिटर उचाइको स्याङ्बोमा लेक लागेर उहाँहरूको ज्यान गएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमलले जानकारी दिनुभयो । योञ्जन दम्पतीसँगै जानुभएका बेंसीशहर नगरपालिका-१०, साँधुका १८ वर्षीय करण तामाङको मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । करिब चार हजार मिटर आसपास जुम्रोडाँडा क्षेत्रमा ढल्नुभएका योञ्जन भोलिपल्ट मृत भेटिनुभएको थियो । उहाँकी श्रीमती भने हराइरहनुभएको थियो । उहाँको शव शनिबार फेला परेको थियो । लमजुङको दोर्दी र दूधपोखरी गाउँपालिकाको सिरानमा पर्ने मेमेपोखरी पुग्न लमजुङ सदरमुकाम बेंसीशहरबाट कम्तीमा तीन दिन लाग्छ ।

# लुम्बिनीमा एमालेबाट मुख्यमन्त्रीको दौडमा लिला गिरी

**हिमालय टाइम्स**

**बुटवल, २५ असोज**



लुम्बिनी प्रदेशसभा सदस्यमा उम्मेदवारी मनोनयनसँगै एमालेबाट सम्भावित मुख्यमन्त्रीको परिदृश्य देखिएको छ । एमाले पोलिटब्युरो सदस्य लिला गिरी मुख्यमन्त्री बन्ने आकांक्षासहित प्रदेशसभामा प्रतिस्पर्धामा उत्रिनुभएको छ ।

यसअघिको प्रदेश सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका गिरी एमालेले अहिले उठाएका उम्मेदवारमा सबैभन्दा सिनियर हो । उहाँले रूपन्देहीको क्षेत्र नम्बर २ को प्रदेशसभा १ बाट उम्मेदवारी दिनुभएको छ । एमाले पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेश सहइन्चार्ज गिरीको अबको प्रयास मुख्यमन्त्री बन्ने रहेको छ । अर्का पोलिटब्युरो सदस्य दधिराम न्यौपानेले क्षेत्र नम्बर १ को प्रदेशसभा २ बाट उम्मेदवारी दिनुभएको छ । उहाँ पनि एमाले लुम्बिनी प्रदेश कमिटीको सहइन्चार्ज हो । 'प्रदेशसभामा सांसद र मन्त्री भई निष्कलंक छविका रूपमा परिचय बनाएका व्यक्ति प्रदेशसभा सांसदमात्र हुन प्रदेशमा फेरि जाने कुरा भएन,' उहाँनिकट एक नेताले भन्नुभयो, 'प्रदेशमै एमालेको सरकार बन्ने अवस्था आएमा गिरी नै मुख्यमन्त्रीका लागि सम्भावित दावेदार हुन् ।' गिरी २०६४ सालको संविधानसभा निर्वाचनमा रूपन्देही क्षेत्र नम्बर ३ बाट उम्मेदवार भई कांग्रेस नेता बालकृष्ण खाँणसँग थोरै मतले पराजित हुनुभएको थियो । गत प्रदेशसभाको निर्वाचनमा उहाँ क्षेत्र नम्बर २ को प्रदेशसभा १ बाटै विजयी हुनुभएको थियो ।

एमालेले यो क्षेत्रमा जसपा र राप्रपासँग चुनावी तालमेल गरेको छ । 'काम गरिरहेको ठाउँमा अझै भूमिका बढाऊँ भन्ने लागेको छ । तर, पार्टीले गर्ने निर्णयमा हिँड्नुपर्छ,' गिरीले भन्नुभयो । लुम्बिनीमा माओवादी केन्द्रका पोलिटब्युरो सदस्यत्रय जोखबहादुर महरा, सुदर्शन बराल र वामदेव क्षेत्री मुख्यमन्त्रीका सम्भावित दावेदार हुनुहुन्छ । कांग्रेसका केन्द्रीय सदस्य अब्दुल रज्जाक, प्रदेश सभापति अमरसिंह पुन र हालका प्रदेशमन्त्री डिल्ली चौधरी मुख्यमन्त्रीको प्रमुख आकांक्षी हुनुहुन्छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी पनि सके प्रतिनिधिसभामा, नभए मुख्यमन्त्रीको सुनिश्चिततासहित प्रदेशसभामै चुनाव लड्न चाहनुहुन्थ्यो । प्रतिनिधिसभाको एकमात्र निर्वाचन क्षेत्र रहेको रोल्पामा गठबन्धनका तर्फबाट माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले टिकट पाउनुभयो ।

गत निर्वाचनमा निर्वाचित भएको रोल्पा 'क' कांग्रेसको भागमा परेपछि केसीले रोल्पा 'ख' मा जाने प्रयास गर्नुभएको थियो । तर, माओवादी केन्द्रले उक्त क्षेत्रमा जोखबहादुर महरालाई टिकट दियो ।

# बस्नेतसँग प्रदेशमा हारेको बदला लिने दाउमा बजगाईं

**हिमालय टाइम्स**

**गोरखा, २५ असोज**

गोरखा १ मा प्रतिनिधिसभा सदस्यका लागि एमालेका रामशरण बस्नेत र कांग्रेसका राजेन्द्र बजगाईंसहित १० जना उम्मेदवार छन् । यद्यपि मुख्य प्रतिस्पर्धा भने बस्नेत र बजगाईंबीच हुने देखिन्छ । बस्नेत २०४९ र २०५४ गरी दुईपटकसम्म तत्कालीन नारेश्वर गाविसको अध्यक्ष हुँदै २०७४ को चुनावपछि गण्डकी प्रदेश सरकारको मन्त्रीसमेत भइसक्नुभयो । २०७४ को निर्वाचनमा गोरखा १ प्रदेशसभा 'ख' बाट कांग्रेसका बजगाईंलाई नै हराउँदै उहाँ सांसद बन्नुभएको थियो ।

२०३५ देखि कम्युनिष्ट आन्दोलनमा लाग्नुभएका बस्नेत निरन्तर राजनीतिमा सक्रिय हुँदै आउनुभएको थियो । यद्यपि बजगाईं भने कांग्रेसभित्र सफल पर्यटन व्यवसायीका रूपमा परिचित हुनुहुन्छ । पर्यटन व्यवसायमा बजगाईं अन्तर्राष्ट्रियस्तरमै चिरपरिचित व्यक्ति हो । यद्यपि कांग्रेसका पुराना नेतालाई पाखा लगाउँदै उहाँले टिकट ल्याएपछि पुन: कांग्रेसभित्र अन्तरसंघर्ष चर्किन थालेको छ ।




अघिल्लो निर्वाचनमा जोसँग हारे, उसैसँग प्रतिस्पर्धाका निम्ति बजगाईं सत्तारुढ गठबन्धनका तर्फबाट मैदानमा उत्रिने पक्का भएको छ । २०७४ को चुनावमा गोरखा १ 'ख' को प्रदेशसभा सदस्यमा एमालेका बस्नेत १६ हजार ६५६ मतसहित निर्वाचित हुँदा बजगाईंले १३ हजार एक मत पाउनुभएको थियो । तत्कालीन समयमा एमाले र माओवादी केन्द्रबीच वाम एकता थियो ।

यसपटक भने एमालेलाई माओवादीको साथ छैन । सत्तारुढ गठबन्धन भएकाले यसपालि बस्नेतलाई हराउने कुरामा बजगाईं आशावादी हुनुहुन्छ । गत ३० वैशाखको स्थानीय तह निर्वाचनको मतपरिणाम हेर्दा गोरखामा माओवादी पहिलो, कांग्रेस दोस्रो, एमाले तेस्रो, नेसपा चौथो दलका रूपमा स्थापित छन् ।

अन्य दलहरूको भने जनमत गोरखामा कम नै देखिन्छ । यसपटक सत्तारुढ गठबन्धनका कारण एमाले प्रमुख शक्तिहरूका विरुद्ध राप्रपा, जसपालगायतका साना दलहरूसँगको तालमेलमा निर्वाचन लड्दैछ । गोरखामा एमालेले तालमेल गरेका दलहरूले निर्वाचन प्रभावित बनाउने खालको मत ल्याउन सक्ने स्थिति तत्काल देखिँदैन । गोरखा १ मा एक लाख १५ हजार ३९७ मतदाता छन् ।

अहिलेकै अवस्थाको मतपरिणामको अंकगणित हेर्दा सत्तारुढ गठबन्धनका उम्मेदवारहरूको जित सुनिश्चित देखिन्छ । यद्यपि अंकगणितलाई भन्दा भूगोलका जनताको विकासप्रतिको चाहना, गठबन्धनप्रतिको वितृष्णा र एमालेले गरेको जनपक्षीय कामका आधारमा जनताको मत पाएर आफूले जित्ने बस्नेत दाबी गर्नुहुन्छ ।

---

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले दक्षिण कोरिया बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको ब्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाइ | प्रति इकाइ मूल्य NRS | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KONA | Electric | Hyundai | NS | 100 KW | South Korea | 1 | 59,96,000/- | 59,96,000/- |

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company),
an entity of Laxmi Group Nepal
Naxal, Kathmandu

Vat No.: 302958429
Tel.: 01-4533674, 4533780

---

### बनेपा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालयद्धारा जारी गरिएको आशयपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७९/०६/२६)

यस कार्यालयद्धारा मिति २०७९/०३/२४ गते प्रकाशित बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं ८, बसपार्क स्थित भवनहरू बहालमा दिन विज्ञापन दिइएकोमा विज्ञापनको म्याद भित्र दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रहरू बनेपा नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि - २०७७ को दफा ३ को उपदफा (४) र दफा १० र सार्वजनिक खरिद ऐन - २०६३ को दफा २७ को उपदफा (१) र (२) बमोजिम छनौट गरि स्वीकृतिको जानकारीको लागि सात दिने म्याद भएको आशय पत्र जारी गरिएको छ ।

ठेक्का नं रा/४/२०७८/७९ देखी रा/९/२०७८/७९

| सि. नं. | ठेक्का संकेत नं. | ठेक्काको विषय क्षेत्र | बोलपत्र प्रस्तुतकर्ताको नाम र ठेगाना | मासिक कुल कबोल अंक | कै. |
|---|---|---|---|---|---|
| १ | रा ४/२०७८/७९ | ब्लक "क"- सामुदायिक भवनको भुइतल्लाका सबै सटर तथा भर्याङ मुनीको भाग समेत | श्री रोहित श्रेष्ठ, बनेपा ८ | रू १,४१,२५५/- | |
| २ | रा ५/२०७८/७९ | ब्लक "ख"- पुरानो सपिङ्ग कम्प्लेक्सको पूर्वतर्फको र पश्चिमतर्फको शौचालयसँगैको १-१ सटरबाहेकका सबै सटर/कोठा तथा भर्याङ मुनीको भाग समेत | श्री रोहित श्रेष्ठ, बनेपा ८ | रू ६,७१,२२६/- | |
| ३ | रा ६/२०७८/७९ | ब्लक "ग"- नयाँ सपिङ्ग कम्प्लेक्स भवन ए (पूर्वतर्फ) को शौचालयसँगैको १ कोठा बाहेकको बाँकी सबै सटर तथा भर्याङ मुनीको भाग समेत | श्री राधेश्याम काफ्ले, बनेपा ८ | रू ३,२५,१००/- | |
| ४ | रा ७/२०७८/७९ | ब्लक "घ"- नयाँ सपिङ्ग कम्प्लेक्स भवन बि (पश्चिमतर्फ) को पश्चिम पट्टीको १ कोठा बाहेको बाँकी सबै सटर/कोठाहरू तथा भर्याङ मुनीको भाग समेत | श्री रोहित श्रेष्ठ, बनेपा ८ | रू २,२५,१२५/- | |
| ५ | रा ८/२०७८/७९ | ब्लक "ङ"-साबिकको ६ नं. वडा कार्यालय भवनको पछाडीको कोठा खाली गराउने गरी पूर्वतर्फको सटर | श्री केशव खरेल, बाबाखोरी ३ | रू ३०,०००/- | |
| ६ | रा ९/२०७८/७९ | ब्लक "च"- बसपार्क भित्रको ग्यारेज | श्री दोर्जे ह्युल्मा शेर्पा, तेमाल ४ | रू १,०१,१११/- | |

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक तथा सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा

### सडक डिभिजन

बागलुङ

### ठेक्का सम्झौता अन्त्य गरि ठेक्का किन नतोड्ने सम्बन्धमा

प्रकाशन मिति २०७९।०६।२६

यस सडक डिभिजन बागलुङसँग तपसिल बमोजिमका पुलहरूको निर्माण कार्य गर्ने सम्झौता बमोजिम तोकिएको समयसीमाभित्र निर्माण कार्य सम्पन्न नगरेको हुँदा यस अघि पटक-पटक लिखित पत्र, मिटिङ, माइन्युट, ईमेल तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा पनि पुल निर्माणको कार्यमा लापरबाही गरी लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने कुनै चासो नदेखाएको, मिति २०७८/०९/०१ मा श्री नयाँपत्रिका राष्ट्रिय दैनिकमा ठेक्का तोड्ने सम्बन्धि सूचना प्रकाशन गरेपश्चात पनि निर्माण सामाग्री एवं जनशक्ति परिचालन नगरेको तथा निर्माण स्थल मिति २०७८ जेठ देखि अलपत्र छाडेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताको GCC ५७ बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का तोड्नु नपर्ने कुनै मनासिब कारण भएमा १५ (पन्ध्र) दिनभित्र विश्वसनिय स्पष्टिकरण सहित कार्यालयमा उपस्थित हुन जानकारी गराईन्छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्कामा उल्लेखित शर्तहरू, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा (२)(क), ७ र ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) र नियम १२८ बमोजिम ठेक्का अन्त्य गरी सोहि नियमावलीको नियम १४१ बमोजिम कालोसूचीमा राख्ने तथा बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी सरह असुल उपर गर्नेतर्फ कारबाही गरिने समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DROBLG/3371574 /2072/73-147 | भुजी खोलामा मोटरेवल पुल, अस्तु ओडारबोट अधिकारी चौर, बाग्लुङ । | श्री वाई.पी./रमिना जे.भि. पुल्चोक, ललितपुर । | २०७३/०६/०४ | २०७७/०८/१४ | |
| २ | DROBLG/3371574 /2072/73-145 | दरौ खोला पुल, मल्म ३ र काठेखस ३ जोड्ने पुल, बाग्लुङ । | श्री वाई.पी. कन्स्ट्रक्सन प्रा. लि., पाल्पा । | २०७३/०६/१० | २०७८/०३/१२ | |

डिभिजन प्रमुख

---

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
### मत्स्य अनुसन्धान केन्द्र
बेगनास, कास्की

### मोटरबोट ईन्जीन सहित र Semi-automatic floting fish feed मेसिन सप्लाई सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०६/२६)

यस केन्द्र चालु आ.व. २०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार केन्द्रको कार्यक्रम संचालनको लागि मोटरबोट सहित ईन्जीन र Semi-automatic floting fish feed मेसिन खरिद गर्नुपर्ने कार्यक्रम भएकोले नेपाल सरकारबाट ईजाजतप्राप्त संघ/संस्था, फर्म तथा कम्पनीहरूबाट निम्न शर्तहरूको परिधिभित्र रही रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू:**

१. बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनको कार्यालय समय सम्म तपसिलमा उल्लेखित रकम नगदै तिरी (फिर्ता नहुने गरी) नविकरण भएको सम्बन्धित कार्यको ईजाजत प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कार्य अनुभवको प्रतिलिपि र आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिई यसै केन्द्रबाट खरिद गर्न सकिने छ ।
२. उपरोक्तानुसार खरिद भएका बोलपत्र फारामहरु यो सूचना प्रकाशित मिति देखि ३१औं दिनको १२:०० बजेसम्म यसै केन्द्रमा दर्ता गराइ सक्नुपर्नेछ । रितपूर्वक दर्ता भएका शिलबन्दी बोलपत्रहरु ३१औं दिनको ४:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, उपस्थित बोलपत्रदाता तथा निजका प्रतिनिधिको रोहवरमा यसै केन्द्रको मेला अफिसमा खोलिने छ । बोलपत्रदाताको उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिनमा बिदा पर्न गएमा सोको भोलीपल्ट वा लगतै कार्यालय खुलेको दिनको सोही समयमा खरिद गर्न, दर्ता गर्न र खोल्न सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी बापत तपसिलमा उल्लेखित रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, कास्कीमा रहेको राष्ट्रिय वाणिज्य बैंक पृथ्वी चोक शाखाको धरौटी खाता नं. ३०२०१००१०२०३०००० कोड नं. ३१२४१३९०३ मा अनिवार्य उल्लेख गरी बोलपत्रदाताको नाममा रकम दाखिला गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुले यस कार्यक्रमको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको शर्त रहित बैंक जमानीपत्र (बिड बण्ड) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यस कार्यको सम्झौता भएपछि मात्र अन्य स्वीकृत बोलपत्रदाताको धरौटी रकम फिर्ता एवं फुकुवा गरिने छ ।
४. बोलपत्रदाताले मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षरमा स्पष्ट भाषामा बुझिने गरी लेखेको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर लाई मान्यता दिईने छ ।
५. बोलपत्रदाताले शिलबन्दी खाम बाहिर यस केन्द्रलाई सम्बोधन गरि ठेक्का नं., बोलपत्रदाताको नाम, ठेगाना, फोन नं., कार्य विवरण बोलपत्रदाताको संस्थाको छाप स्पष्ट रुपमा हुनु पर्नेछ र बोलपत्र ९० (नब्बे) दिन सम्म मान्य हुनेछ ।
६. कुनैपनि शर्त राखि पेश गरेको, यस सूचनाको शर्त विपरित भएको, कार्यक्रमबाट उपलब्ध गराईएको बोलपत्रमा थपघट गरिएको, रित नपुगेको तथा म्याद नाघी पेश हुनआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. एउटा फर्म वा संस्थाको नामबाट खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दर्ता गर्न सकिने छैन ।
८. बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र सम्बन्धीत कागजातहरु राम्ररी हेरी बुझी पेश गरेको मानिने छ ।
९. बोलपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै कार्यक्रममा निहित रहने छ ।
१०. बोलपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल कृषि अनुसन्धान परिषद् आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४९ (संशोधन सहित) हुनेछ ।
११. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०६१-४५००८९ मा सम्पर्क गरि बुझ्न सकिने छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | धरौटी/जमानत बापतको रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०७९/०८० | मोटरबोट सहित ईन्जीन खरिद कार्य । | रु. १०,७००।०० | रु. ३,०००।०० | |
| २ | ०३/२०७९/०८० | Semi-automatic floting fish feed मेसिन खरिद कार्य । | रु. १,४६,२००।०० | रु. ३०००।०० | |

(मो.इकवाल हुसेन)
केन्द्र प्रमुख

---

## Re- Invitation for Electronic Bids

### Tikapur Municipality
### *Office Of The Municipal Executive*

***SudurpaschimProvience, Tikapur, Kailali***

Invitation for National Competitive Bidding for the Construction Work on the Following Project

**Second Date of publication: 2079/06/26**

1) Tikapur Municipality Office, Tikapur invites National Competitive Bidding (NCB) from registered contractors for the construction of *following works.*
2) The Estimated amount for the works is as specified on the following Table.

| SN | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Excluding VAT and PS) |
|---|---|---|---|---|---|
| 3.0 | TMO/NCB/16/ ROAD/2079/080 | Construction of Bituminous Road (Way from Rampur chowk ahead RCC culvert towards Himalaya Secondary School), Tikapur Municipality Ward No.03, Rampur, Kailali. | Nrs. 2,00,000.0 | NRs. 3000.0 | NRs. 68,22,821.04 |

3) Eligible Bidders may get further information on telephone: 091-56118, email: tikapurmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4) *Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.*
5) Electronic Bid Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour, 2079/07/25 and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2079/07/25 at the office of Tikapur Municipality, Tikapur.
6) Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No. **107030000030000000001**at *Nepal Bank Ltd., Tikapur, Branch* and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should deposit cash in Office Account no: . . **10703000001001000001** at *Nepal Bank Ltd., Tikapur, Branch*
8) If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

सम्पादकीय

# अपेक्षा राजनीति र राहतको तालमेलको

भनिरहनै पर्दैन हालका दिनहरूमा नेपालमा राजनीतिको व्यस्त समय छ भनेर । सामाजिक र सांस्कृतिक चाडपर्व वर्ष–वर्षमा आउँछन् तर आवधिक निर्वाचन भनेको पाँच वर्षमा एकपटक आउने हो । यही पाँच वर्षको पालो पर्खिएर बसेका राजनीतिज्ञहरूले एकपटक मात्र पालो नपाउनासाथ अर्को पाँच वर्ष कुर्नुपर्ने हुन्छ । त्यसैले आकाशे खेती गरिने खेतबारीमा वर्षाको पानी पर्नासाथ भल छोपेर रोपाइँ गर्नु परेजस्तै राजनीतिक खेती पनि एक प्रकारले भन्ने हो भने भल छोपाइको खेती हो । त्यसमा जो पहिलो भयो त्यसैले अवसर पाउँछ । यस्तो अवसरका लागि नेताहरूको कृपादृष्टि पर्नुपर्दछ । अरू पछाडि धकेलिन्छन् ।

पार्टीका समर्पित नेताहरूले टिकट नपाउँदा पनि संयमतापूर्वक सामाजिक सञ्जालमा स्टाटस लेखेको पाइएको छ भने आफैँ बनेको होइन कसैले पार्टीको सदस्य बनाएर उभ्याएको तर भित्रैदेखि पार्टीप्रति आस्था र सम्मानभाव नभएको स्वार्थले मात्रै कुनै पार्टीको सदस्य भइटोपलेका व्यक्ति भने आफूले टिकट नपाउनासाथै कोकोहोलो गरेर सामाजिक सञ्जालमा पार्टी परित्याग गर्नेदेखि स्वतन्त्र उम्मेदवारी दिनेसम्मका आलापहरू सार्वजनिक गरिरहेका छन् । हुन त राजनीतिमै लागेर आफ्नो जीवन र धनसमेत समाप्त पारिरहेका नेताहरूले राजनीतिबाहेका अर्को व्यवस्था तथा पेशाजस्ता विकल्प नहुनासाथ राजनीतिमा केही प्राप्तिको अपेक्षा राख्नु अन्यथा होइन । नत्र भने राजनीतिलाई व्यवसायभन्दा समाजसेवाको रूपमा लिएर काम गरिरहेका नेताहरूको संख्या कति छ भनेर हेर्ने हो भने त्यस प्रकारका नेता थोरैमात्रै पाइएलान् ।

थोरैमात्र होइन त्यस खालका नेता पाइयो भने त्यो अपवादमात्र मानिन थालेको छ । आख्यान साहित्यमा अप्रतिनिधिपात्र भनेर पढिने खालको पात्र बन्न जान्छ त्यस प्रकारको राजनेता । प्रनातन्त्र पुनःप्राप्तिपछिको पहिलो, दोस्रो र केही संख्यामा तेस्रो आमनिर्वाचनसम्म त्यस्ता नेताहरू पाइन्थे तर हाल पाउनै नसकिने भएको छ । यो दुःखको कुरा हो । अब त झन् दिनप्रतिदिन त्यस्तो सम्भावना समाप्त बन्दै गइरहेको छ । वर्तमान समयको राजनीतिमा संलग्न व्यक्तिहरू र राजनीतिलाई नियालिरहेका शुभचिन्तकलाई प्रष्ट रूपमा थाहा छ, भनिरहनै पर्दैन । खेती किसानी गर्दा विभिन्न प्रकारको प्राकृतिक प्रकोपका कारण उब्जनी घट्यो भने पनि पोहोरको भन्दा कम भयो भन्नेमात्र हो, हातलागी शून्यको अवस्था आइपर्दैन र त्यस्तो दूरावस्था भोग्नु पर्दैन ।

राजनीति भने यसको अपवाद हो । कुनै एउटा पदमा एकजनाले टिकट पाउनासाथ लाममा भएका अरू सबै पाखा लाग्नैपर्छ । त्यस्ता पदमा एकजना उम्मेदवार विजयी भयो भने अरू सबै पराजित बन्नैपर्छ । यो राजनीतिको विशेषता हो । त्यसैले सबैजना मरिमेटेर टिकटका लागि टाउको फोराफोर गरेका हुन् भन्ने देखिँदै आएको छ । राजनीतिको यो महासमरमा दशैँ ओझेलमा पर्‍यो । यसैगरी दीपावली, नेपाल सम्वत् अनुसारको नयाँ वर्ष, छटलगायत चाडपर्वसमेत ओझेलमा पर्ने निश्चित छ । नेताहरू आगामी मंसिर चार गतेसम्म हाम्रा घरदैलोमै भेटिनुहुन्छ । त्यसपछि हारे वा जिते जे गरे पनि उहाँहरूलाई यसरी भेट्न अर्को निर्वाचन कुनुपर्छ । राजनीतिलाई व्यापार होइन समाजसेवाका रूपमा हेर्ने गरिएको थियो भने यस्तो अवस्था आउने थिएन ।

यस पटकको मनसुन अझै निखिएको छैन । दशैँबीच भारी वर्षा हुनाले देशभर धनजनको क्षति हुन पुग्यो । केही मानिसलाई घरबारविहीन बनाएको छ । उनीहरू सरकारसँग राहतको पर्खाइमा छन् । राजनीति गर्नेहरूले, राजनीति गरेर सरकारमा बसेकाले र भविष्यमा आफू राजनीतिमै सक्रिय रहिरहन्छु भन्नेहरूले त्यसतर्फ दृष्टि राखिदिए महाकवि लक्ष्मीप्रसाद देवकोटोले भनेजस्तो आर्तहरूको चहराइरहेको घाउमा मलम लाग्ने काम हुनसक्थ्यो । यसो भयो भने निश्चय उम्मेदवारहरूका भोट घट्ने थिएनन् बरू बढ्थे । सरकारी तथा गैरसरकारी संघसंस्थाको सक्रिय भूमिका यस्तै बेला बढी अपेक्षित हुने थियो ।

# ऋग्वेदमा देव तथा अग्नि निरूपण

**वेद विज्ञानको गम्भीरमात्रै होइन धीरोच्च पुस्तक पनि हो । खास गरेर ऋग्वेदका देवस्तुतिका ऋचा स्वल्पाक्षरमा गम्भीर कुराको संकेत गर्ने गरी व्यवस्था मिलाइएको देखिँदोरहेछ । शीतले गाग्रो भर्ने काम ऋग्वेदमा भएको छ ।**



प्रा.डा. कुलप्रसाद कोइराला

पञ्चाग्नि विद्याको सिद्धान्त वेदको मन्त्रभागमा पनि भेटिन्छन् । ब्राह्मणहरू यस विद्याबाट वञ्चित थिए भन्ने कुरो त सिद्ध हुँदैन । वेदका मन्त्र द्रष्टा त क्षत्रीयमात्र थिएनन् धेरैजसो त ब्राह्मण नै थिए । ब्राह्मणहरू आत्मविद्या या आत्मगतिसम्बन्धी विद्यामा अनभिज्ञ थिए या वञ्चित थिए भन्ने कतैबाट पुष्टि मिल्दैन । बृहदारण्यकोपनिषतमा भनिएको यो विद्या यो भन्दा पहिले ब्राह्मणसँग थिएन । यो वस्तुतः कुनै समय विशेषको वर्णन भए पनि शाश्वत् सत्यजस्तो लाग्दैन । हुनसक्छ कुनै यस्तो समय आएको होस् ब्राह्मणले यो विद्याको सिद्धान्त बिर्सियो होला । पितृले वेद बिर्सेर ब्रह्माका आदेशबाट देवतासित गएर वेद पुनः पढेका थिए भन्ने कुरो पद्मपुराणको सृष्टि खण्डमा वर्णन गरेजस्तै कुनै कालखण्डको कुरो हुनसक्छ ।

कतिपय तर्कले पनि यो कुरो संकेत गरेका छन् । जसरी आजका धेरै ब्राह्मण संस्कृत पढ्दैनन् तर पनि संस्कृत नेपाली ब्राह्मणले जानेकै छैनन् भन्न त मिल्दैन । त्यो एउटा समय विशेषमा जैविली छेत्रीबाट गौतम र गौतमबाट ब्राह्मणवर्गमा प्रचारित भएको होस् । धेरै पहिले त ब्राह्मणबाटै यस विद्याको पनि आविष्कार भएका प्रमाण भेटिन्छन् भन्ने कुरो याज्ञवल्क्यले स्पष्ट गरेका छन् । सुरुसुरुमा त ब्राह्मण र क्षत्रीयका बिचमा पारस्परिक सहयोग रहेको र ब्रह्मविद्याका निमित्त क्षत्रीयले सधैँ ब्राह्मणलाई विश्वास गरेको कुरो सर्वत्र भेटिन्छ । पितृप्राणबाटै देवप्राणको उत्पत्ति भएको हो भन्ने कुरो मैले विगतका शृंखलामा गरेको थिएँ ।

ऋषि र पितृशब्दजस्तै गरी देवशब्द पनि वेदादि शास्त्रमा आउने गरेको भेटिन्छ । मुख्य त देवता प्राण रूपका हुन्छन् । ती प्राण जुनजुन प्राणीमा प्रधान रूपबाट रहेका हुन्छन् ती ती देवता नै कहलिन्छन् । शतपथ ब्राह्मणको काण्ड १४ औंमा भएको कुरो बताइसकेको छु । ती प्राणको जुन प्राणीमा प्रधानता रहेको हुन्छ त्यस्ता सूर्यमण्डल तथा त्यसका समीपवर्ती लोकका प्राणी पनि देव नै भनिन्छन् । ती ताराहरू पनि देव र तिनको विशेष वाचक इन्द्र, वरुण आदि शब्दबाट सम्बोधित हुन्छन् । पञ्चाग्नि विद्या पूरापूर जान्नेलाई मनुष्यदेव भनेर ब्राह्मण ग्रन्थमा भनिएको भेटिन्छ । यसका अतिरिक्त पूर्वयुगमा यो हाम्रो पृथ्वीमा त्रिलोकको कल्पना गरिएको थियो ।

पृथ्वीमा नै स्वर्ग, भूमि, पाताल आदि प्रदेश बनाइएको थियो । शर्यणावर्त पर्वतदेखि उत्तरतिरको सुमेरुसम्म स्वर्ग मानिन्थ्यो र त्यो भूभागका निवासीलाई देव शब्द र त्यसको पनि विशेष सम्मानजनक शब्द इन्द्र, वरुण, यम, कुबेर, अग्नि आदि नामबाट व्यवहार हुने गर्दथ्यो । यिनका विरोधी असुर, राक्षस आदि शब्दबाट सम्बोधित हुन्थे । यिनीहरू बीचमा भएका संग्रामको विशद वर्णन वैदिक साहित्यमा मात्रै होइन पुराणदिमा पनि प्रकार प्रकारले गरेको भेटिन्छ । भारतीय उपमहाद्वीपका शक्तिशाली राजा दशरथ, दुष्यन्त, अर्जुन आदि स्वर्गलोकमा गएर जुन देवका सहायक बने, जससँग विशेष अध्ययन गरे, जसबाट स्वागत सत्कार पाए ती देवताहरू यसै उत्तराखण्डका निवासी थिए ।

यी विषयहरू ऐतिहासिक र प्रागैतिहासिक पनि भइसकेका देखिन्छन् । यसरी सूर्यमण्डलका समीपवर्ती लोकका बासिन्दा जन्मदेखि नै अष्टसिद्धि पाएर इच्छानुसारी रूपमा पृथ्वीमा पनि आउँछन् । जसको विवरण पनि श्रुतिपुराणले प्रकार प्रकारले दिएको भेटिन्छ । सांख्यदर्शनमा पनि तिनको विवरण पाइन्छ । प्राणरूप देवता निरुक्तकारका मतमा मूलतः तीनवटा छन् पृथ्वीको देव अग्नि, अन्तरिक्षको देव वायु, स्वर्ग वा द्युलोको देव सूर्य । सूर्यमण्डलको अधिष्ठाता देवको नाम इन्द्र हो । अरू सबै देवता यिनकै अवशेष मानिन्छन् । यिनको स्तुति चाहिँ वेदका मन्त्रमा आएका छन् र ती विज्ञान गर्भित पनि रहेका देखिन्छन् । प्रथमतः अग्निका प्रधान मन्त्रहरू ऋग्वेदको सुरुमा नै आएको भेटिन्छ ।

### अग्निदेव :

वेद विज्ञानको गम्भीरमात्रै होइन धीरोच्च पुस्तक पनि हो । खास गरेर ऋग्वेदका देवस्तुतिका ऋचा स्वल्पाक्षरमा गम्भीर कुराको संकेत गर्ने गरी व्यवस्था मिलाइएको देखिँदोरहेछ । शीतले गाग्रो भर्ने काम ऋग्वेदमा भएको छ । अतः अब ऋग्वेदका ऋचा केलाएर अग्नि, देवता र पितृ निरूपण गर्नेतिर म लाग्छु ।

*ॐ अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् ॥*

यो ऋग्वेदको पहिलो मन्त्र हो । ययसमा अग्निको स्तुति गरिएको छ । यसमा अग्निका अनेकौं विशेषण राखेको देखिन्छ । यिनीहरूमध्ये पहिलो विशेषण हो 'पुरोहितम्' यसको शब्दार्थ हुन्छ अघिलाउनु या अगाडि सार्नु र अगाडि पार्नु/राख्नु आदि । अग्नि यो नाम वेदमा एकाधिक देवताका लागि उपयोग गरिएको देखिन्छ । पृथ्वीको अग्नि, अन्तरिक्षको विद्युत् रूप अग्नि, द्युलोकमा सूर्य-अग्नि, यी तीनैवटा आगो नै हुन् । ऋग्वेदमा यसै अग्निले नै सबै देवताका निमित्त विज्ञान प्रकट गर्दछ । यजुर्वेदले मध्याग्नि पृथ्वीको आगो र विद्युतलाई समेटेको देखिन्छ भने सामवेदले सूर्यरूप अग्निका सम्बन्धबाट सबै विज्ञान प्रकट गर्न पुगेको देखिन्छ । आरम्भमा नैऋग्वेदले सबै विज्ञान प्रकट गरेको प्रदर्शन गरेको देखिन्छ ।

सामवेदको पनि आरम्भमा अग्निपदै प्रिय भएको देखिन्छ । ऋक् मा अग्निमीले परोहितम थियो भने सामवेदमा चाँहि अग्न आयाहि वीतये हे अग्नि तिमी हाम्रो रक्षा गर्नका लागि आऊ साम वेदको अर्थ हो भने हामी अग्निजस्तो तेजस्वी बनौँ र अग्र भागमा रहौँ ऋग्वेदका अग्निमीलेको अर्थ हो । यी दुईबाट के सिद्ध हुन्छ भने आउने या अगाडि सारिएका अग्निसँग हाम्रो सम्बन्ध छ । अग्निलाई स्तवन गर्छु आदि पनि यसका अर्थ गरिएका भेटिन्छन् । यी दुई मन्त्रको जसरी अर्थ गरे पनि एउटा अग्नि सधैँ हाम्रा अगाडि छ । दोस्रो आउनेवाला छ र त्यससँग पनि हाम्रो प्रगाढ सम्बन्ध छ ।

यी दुवै अग्निमा पनि आपसमा त जन्यजनकभाव सम्बन्ध देखिन्छ । एक अर्काबाट यिनी पैदा हुन्छन् । दुवैको काम चाहिँ भिन्नाभिन्नै छ । मूलमा एकै भए पनि । अब अर्को प्रकारले हेरौँ अग्नि- पुर : अग्रे-हित-स्थापित अग्निलाई अगाडि स्थापन गरेको छु/गरेका छौँ आदि । यसको तात्पर्य के हो भने हाम्रो जे छ त्यो अग्नि नै हो । पुरोहित विशेषणसँग यास्कको भनाइलाई मिलाएर हेरौँ-'यत्किञ्चिद्दार्ष्टिविषयकम्, अग्नि कर्मैव तत्' जे पनि दृष्टिमा आउँछ ती सबै अग्नि कर्म हुन् । जति पनि पार्थीव पदार्थ छन् ती सबैमा अग्नि व्याप्त छ । अर्को शब्दमा ती सबै अग्नि नै हुन् । अग्निलाई नै भिन्नाभिन्नै पदार्थका रूपमा हाम्रा अगाडि राखेजस्तै त हो ।

यही नै तात्विक रूपको अग्नि हो । उष्णता या दाहशक्ति पनि यसैको एउटा अवस्था हो । त्यही अग्निप्राणले जब एउटा कुनै गतिविशेष धारण गर्दछ अनि उष्णता प्रकट हुन लाग्छ । जसमा अग्नि प्रकट हुन्छ ती सारा वस्तु मौलिक अग्निका रूपमा जान्छन् । फलामपछि फलाम नै भए पनि आग्निको रूप धारण गर्छ गर्छ । यसरी हेर्दा 'पुरोहितम्' यो चार अक्षरे विशेषणमा अग्नितात्विक व्यापकतालाई यस प्रकारले समेट्ने वेद विज्ञान हो कि होइन ? भनेर पश्चिमाभक्तसँग विनम्र प्रश्न गर्न मन लाग्छ । एउटा अर्को अग्निसम्बन्धी मन्त्रलाई विश्लेषण गरिहेरौँ त्यसले झनै स्पष्ट पार्छ-

*गर्भो अस्योषधीनां गर्भो वनस्पतीनाम् ।*
*गर्भो विश्वस्य भूतस्याग्ने गर्भो अपामसि (यजु,१२,३७) ।*

हे अग्नि ! तिमी औषधिका गर्भमा छौ, तिमी वनस्पतिका पनि गर्भमा बस्छौ, समग्र भौतिक पदार्थका गर्भमा रहन्छौ । त्यतिमात्रै कहाँ हो र ? तिमी त जलका पनि गर्भमा रहन्छौ । यजुर्वेद पढ्ने पण्डितले यो मन्त्रलाई राम्ररी घोकेका होलान् तर त्यसले भनेका कुराको तत्विक रहस्य खोतलेर पढ्ने पढाउने व्यवस्था खोइ ? व्याख्या र अनुसन्धान खोइ ? यत्तिकै भित्र र बाहिर भनेर संस्कृतका पण्डितले मेरो विरोध गरेका रहेछन् । नेपालका तात्कालिक विश्वविद्यालयका कुलपतिले मलाई नेसंविको उपकुलपति बनाउँदा । नेसंविमा जागिर खानुभित्र र त्यसभन्दा अन्य त्यस्तै संस्थामा आबद्ध रहनु चाहिँ बाहिर हो भने नेसंविका साथीहरूले सोच्ने र बोध गर्ने कुरा हो । अर्को यसभन्दा पनि स्पष्टसँग भन्ने ऋग्वेदको मन्त्रलाई पनि विश्लेषण गरिहेरौँ-

*गर्भो यो अपां गर्भो वनानां गर्भश्च स्थातां गर्भश्चरथाम् ।*
*अद्रौ चिदस्मा अन्तर्दुद्रोणे विशां न विश्वो अमृतः स्वाधीः (ऋक्,१, ७०,२) ।*

जुन अग्नि पानीका गर्भमा पनि छ वनस्पतिमा पनि व्याप्त छ सधैँ स्थिर रहने पहाडका पाषाणमा पनि स्थित छ सारा ब्रह्माण्डकै गर्भमा रहेर लता, वृक्ष, झारपात सारालाई बढाउने, फैलाउनेजस्ता विवर्द्धमान सबै काम यही मौलिक तत्वरूप अग्निले नै गरिरहेको हुन्छ ।

*प्रमातुः प्रतरं गुह्यमिच्छन् कुमारो न विरुधः सर्पदुर्वीः ।*
*शतं न पक्वमविदच्छुचन्त रिरिह्वां सं रिप उपस्थे अन्तः (ऋक् १०।७९।३) ।*

पृथ्वीका धेरै लहरामा र तीमध्ये पनि उत्कृष्टतम गुह्य स्थानका मूलमा पुग्ने इच्छा गर्दै अग्नि साना बच्चाजस्तै गरी सर्दछ (बढ्छ) । र, नै त्यो पाकेको फलजस्तै गरी आकाशलाई चुम्बन गर्न गएजस्तो निरस वृक्षलाई पनि पृथिवीका भित्री भागमा रहेको अधो पानी पनि प्राप्त हुन्छ भन्ने सायणचार्यका भाष्यले अर्थ गरेको देखिन्छ । सायणको संकेतअनुसार यसको अर्थ के देखिन्छ भने अग्नि पाकेको फल र सुकेका वृक्षसँग पनि त्यत्तिकै सम्बद्ध हुन्छ जति पृथ्वीका भित्री तहबाट पनि पानी तानेर रस लिरहेको बडेमाको वृक्षसँग पनि सम्बन्धित हुन्छ भन्न खोजेको देखिन्छ । प्राणीका बालकमा बढालुपना पनि अग्निकै कारणले भएको हो भने चट्टानभित्रको पानी पनि अग्निले नै वृक्षलाई उपलब्ध गराउँछ ।

यसमा विचार गर्दा के देखिन्छ भने माथिका मन्त्रको तेस्रो पाउ र चौथो पाउलाई एक बनाउनेबित्तिकै अर्थस्पष्ट हुन्छ । यसो गर्नासाथ अग्नि कुनै न कुनै रूपमा सुकेको रूख, पाकेको फलसँग मात्र सम्बन्धित नभएर पृथिवीभित्रको या चट्टानका अन्तर्गभमा रहेको पानीसँग पनि सम्बद्ध हुन्छ । वृक्ष, लहरा आदिका जरामा जुन पानी हालिन्छ त्यसका रसलाई स्वाभाविक रूपबाट सूर्यका किरणले माथि तान्छन् । आगासँग त्यसको सम्बन्ध पहिले नै भइसकेको हुन्छ । यसै कारण पृथिवीका रसलाई लिएर यो अग्नि पनि माथितिरै सर्दछ । मन्त्रमा आगाको सर्पण स्पष्ट अक्षरमा लेखेको देखिन्छ पनि ।

फलतः माथिका तातापनाले माथिको भाग सुकेर झिक्रो शेष रहन्छ । भित्रबाट रस प्रवाह रोकिएको हुँदैन । यस्तै प्रकारले जति जति रस अधिक तानिन्छ त्यति त्यति वृक्ष, लतादि पनि बढ्दै जान्छन् र परिपुष्ट पनि हुँदै जान्छन् । माथि सर्नाले वृद्धि र तिर्यक प्रसरणले परिपुष्टि (मोटाउँने) हुन्छ । रसको तिर्यक प्रसरणले नै रूखलहराका पात बन्छन् । यी सबै कुरा मूलस्थानीय प्रजापतिमा नै अवलम्बित हुन्छन् जसलाई ऋचामा प्रतरम् उत्कृष्टतम भनिएको छ । त्यो प्रजापतिमा जति र जुन प्रकारको बल हुन्छ उत्ति नै त्यसै प्रकारका वृक्ष लहरा आदिको प्रसरण हुन्छ ।

पृथिवीको रसको रूप कालो छ सूर्योत्तापको रूप परिपाकका कारणले रातो या पँहेलो हुन्छ 'पिशङ्ग द्रापि प्रतिमुञ्चते कविः' (ऋक्, ४। ५३ । २) । भनेर यसले स्पष्ट भनेको देखिन्छ । यिनै दुईका मेलबाट लहरा र रूखका पातमा हरियोपना आएको हुन्छ । जब पृथ्वीको रस बोटमा जान बन्द हुन्छ अनि हरियोपन हराएर सूर्योत्तापको पँहेलो रूप शेष रहन्छ । यस बेला ती वृक्षादिका अन्तस्थित अग्निसँग पार्थीव अग्निले सम्बन्ध राख्न बन्द गरिदिन्छ । यही कुरो माथिका ऋचाले बताएको देखिन्छ ।

यो विज्ञान पनि 'अग्निर्वै शर्माण्यत्रादीनि प्रयच्छति' भनेर ऐत्तरेय ब्राह्मणको २, ५, ९ अन्नादि सबै पदार्थलाई उत्पन्न गर्ने भनी अग्निको प्रशंसा गरेको भेटिन्छ । शरीर धारी जीवको पनि शरीरको रचनामा, गर्भाशयमा अवस्थित अग्निकै हात रहेको हुन्छ । पृथ्वीमा जेजति कुरा छन् सबै अग्निकर्म या अग्निका नै रूप हुन् । यसै कारण अग्नि नै पुरोहित हो । ऋग्वेदको पहिलो ऋचामा अग्निको दोस्रो विशेषण आएको छ यज्ञस्य देवम् यसको अर्थ हो यज्ञको अधिष्ठाता वा प्रकाशक । प्रत्येक चेतन या अचेतन वस्तुले अरूबाट केही लिन्छ र अरूलाई पनि केही दिन्छ । हामी बसेको पृथ्वीले पनि अन्तरिक्ष र सूर्यबाट धेरै नै केही कुरा लिएको हुन्छ र तिनलाई धेरै कुरा दिने पनि गरेको हुन्छ ।

वेदको मुख्य विज्ञान भनेको नै यही ज्ञान हो । सबै यज्ञको प्रमुख आधारन नै अग्नि हो । यसैबाट हामी लोकान्तरका सामग्री लोकान्तरमा पुऱ्याउँछौँ र अन्यलोकका वस्तु प्राप्त गर्न सक्छौँ । मौलिक तत्वयुक्त यो अग्नि ताप प्रदायक पनि छ र यौगिक वैश्वानर अग्नि उत्पादक पनि । त्यसै वैश्वानरबाट सबै प्रकारका यज्ञ हुन्छन् । ऐत्तरेय ब्राह्मण भन्छ-'यदाग्निः प्रवानिव दहति तदस्य वायव्यं रूपम्' (३, १, ४) आगो गमनशील बनेर जब दाह गर्न लाग्दछ त्यो चाहिँ यसको वायवीय देवतासँगको सम्बन्ध भएका बेलाको रूप मानिन्छ । बेग्लाबेग्लै देवतासँगको सम्बन्धका कारण अग्निका बेग्लाबेग्लै रूपको वर्णन पनि ऋग्वेदमा उपलब्ध छ । यसैले यो यज्ञस्य देवम् भन्ने अग्निको विशेषण चाहिँ विशेष प्रकारको देखिन्छ र यो वैदिकविज्ञानको सारभूत जस्तो पनि रहेको देखिन्छ ।

ooo

# व्यापार घाटा कम गर्न सरकार उदासीन

**व्यापार घाटा कम गर्न निर्यातजन्य वस्तुका उत्पादन र बजार प्रबर्द्धन गर्न आवश्यकता रहेको छ । व्यापार घाटा कम गर्न उत्पादनमूलक वस्तुका प्रोत्साहनका लागि करको दर घटाई निर्यात प्रबर्द्धनमा सघाउ गराउन अघि बढाउन आवश्यक देखिएको छ ।**



• डा.सुमनकुमार रेग्मी

आर्थिक वर्ष २०७९/०८० को पहिलो महिनामा अघिल्लो आर्थिक वर्षको पहिलो महिनाको तुलनामा निकासी व्यापार, मुद्रासञ्चिति, वैदेशिक लगानी, मुद्रास्फीतिमा त्यति विधि सुधार आएको देखिँदैन । २०७९/०८० को प्रथम दुई महिनामा निर्यात् बढ्न र आयात घटाउन सकिएको देखिँदैन । नेपालले विश्वका एक सय चौसठी देशबाट विभिन्न वस्तु आयात गरेर व्यापार घाटा वार्षिक बजेटभन्दा बढी भएको छ । यसको मतलव वर्तमान कांग्रेस नेतृत्वको गठबन्धन सरकारको ठूलो चुनौती सामाना गर्न सकिएको देखिँदैन ।

आर्थिक वर्ष २०७८/०७९ मा सरकाले १६ खर्ब ४७ अर्ब रुपैयाँको बजेट ल्याएको थियो । यसलाई वर्तमान सरकारले केही कम गरेर १६ खर्ब ३२ अर्ब रुपैयाँको समायोजन बजेट ल्याएको थियो । तर, आर्थिक वर्ष २०७८/०७९ मा व्यापार घाटा नै रुपैयाँ १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख रुपैयाँ पुगेको छ । २०७८/०७९ मा वार्षिक बजेटभन्दा व्यापार घाटा करिब १ खर्ब रुपैयाँ नै बढी छ । २०७८/०७९ मा नेपालको रुपैयाँ २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाख बराबरका वैदेशिक व्यापार भएको थियो । जसमा १९ खर्ब २० अर्ब ४४ करोड रुपैयाँको वस्तु आयात गरिएको थियो भने २ खर्ब रुपैयाँको वस्तु निर्यात गरिएको थियो । आव २०७८/०७९ मा व्यापार घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख रुपैयाँबराबरको थियो । आयात नियन्त्रण गर्दा पनि एकै वर्षमा व्यापार घाटा बढेर कूल बजेटभन्दा बढी व्यापार घाटा हुनु भनेको नेपालमा पूर्णतः आयातीत अर्थतन्त्र भएको प्रमाण हो । आव २०७८/०७९ मा नेपालले पूर्णमूल्यमा २ खर्ब ३ करोड ९ लाख ६२ हजार रुपैयाँबराबरका वस्तु निकासी गरेको थियो । २ खर्ब रुपैयाँको निकासीमा आधी अर्थात् आयातको पचास प्रतिशत खाने तेलले ओगटेकेको देखिन्छ । नेपालको कूल निकासीको झण्डै पचास प्रतिशत हिस्सा भने भटमास, पाम तेल र सूर्यमुखी तेलले ढाकेको छ ।

नेपालबाट भारततर्फ निकासी हुने भटमासको तेल, पाम तेल र सनफ्लावरको हिस्सा नेपालको कूल निकासीको झण्डै पचास प्रतिशत छ । २०७८/०७९ मा ९३ अर्ब ६९ करोड ९६ लाख ६२ हजार रुपैयाँको सोयाबिन, पाम तेल र सनफ्लावर निकासी भएको छ । यो कूल निकासीको ४६.८४ प्रतिशत हो । पाम तेल नेपालमा उत्पादन हुँदैन भने सोयाबिन र सनफ्लावर तेल उत्पादन पनि नगण्य छ । यी उत्पादनले नेपालको माग धान्न नसकेको अवस्था रहेको छ । तेस्रो देशबाट आयतीत सोयाबिन, पाम तथा सनफ्लावर तेलको कच्चा पदार्थ आयातमा नेपालको २०७८/०७९ मामात्र एक खर्ब १५ अर्ब ५५ करोड ७९ लाख १५ हजार रुपैयाँ खर्च भएको छ ।

नेपालले २०७८/०७९ मा ५६ अर्ब १८ करोड ३६ लाखको कच्चा सोयाबिन आयात गरी ४८ अर्ब १२ करोड ४ लाख रुपैयाँको प्रशोधित तेल निकासी गरिएको छ । यस्तै ४१ अर्ब १९ करोड ३४ लाख रुपैयाँको कच्चा पाम आयात गरी ४१ अर्ब ६ करोड ४७ लाख रुपैयाँको निकासी भएको छ । सनफ्लावर आयात गर्न नेपालको अपत्यधिक खपत हुनेभएकाले आयातको तुलनामा निकासी नै कमजोर रहेको छ । सनफ्लावर आयातको कच्चापदार्थ तथा तयारी तेल आयात १८ अर्ब ६४ करोड ५३ लाख रहेको छ भने निकासी मूल्य ४ अर्ब ५२ करोड रुपैयाँ रहेको छ । पूरा निकासी मूल्य ४ अर्ब ५२ करोड ३४ लाख रुपैयाँ रहेको छ । देशको बजेटभन्दा करिब एक खर्ब बढी व्यापार घाटामा रही नेपालले १६४ देशबाट विभिन्न मालवस्तु आयात गर्दा २०७८/०७९ मा व्यापार घाटा वार्षिक बजेटभन्दा बढी रहँदै आएको छ । २०७८/०७९ मा सरकारले १६ खर्ब ४७ अर्बको वार्षिक बजेट ल्याएको थियो । यसलाई देउवा नेतृत्वको सरकारले केही कम गरेर १६ खर्ब ३२ अर्बको प्रतिस्थापन बजेट ल्याएको थियो । तर, आधिकारिक तथ्यांकबाट २०७८/०७९ मा व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख रुपैयाँ पुगेको देखिन्छ । यो बजेटभन्दा करिब १ खर्ब बढी देखिन्छ ।

निर्यातजन्य वस्तुको पहिचान प्रबर्द्धन र बजारीकरणको अभावले वर्षेनी व्यापार घाटा बढेको सरोकारवालाको भनाइ छ । व्यापार घाटा टिठलाग्दो भएको र यसलाई कम गर्न रणनीतिक योजनाको आवश्यकता रहेको छ । देशको एक आर्थिक वर्षको बजेट बराबरको प्रतिवर्ष व्यापार घाटा व्यहोर्नु लाजमर्नु अवस्था हो । त्यसर्थ व्यापार घाटा कम गर्न निर्यातजन्य वस्तुका उत्पादन र बजार प्रबर्द्धन गर्न आवश्यकता रहेको छ । व्यापार घाटा कम गर्न उत्पादनमूलक वस्तुका प्रोत्साहनका लागि करको दर घटाई निर्यात प्रबर्द्धनमा सघाउ गराउन अघि बढाउन आवश्यक देखिएको छ । नेपालको मुख्य निकासीका वस्तुमा पेट्रोलियम पदार्थ, फलाम, स्टिल, धातुजन्य पदार्थ, सुन आदिलगायतका वस्तु विदेशबाट आयात गर्ने गरेको छ । विगतमा खाद्यान्नमा आत्मनिर्भर नेपालले हालका वर्षमा वार्षिक एक खर्ब रुपैयाँको खाद्यान्न आयात गर्नुपरेको अवस्था छ । सन् १९८० अगाडि दाल, चामल, ऊन, जुट, अलैंची, काठ र धातुका सामान निर्यात हुन्थे भन्ने कथा बन्न गएको छ । हालका वर्षमा पेट्रोलमात्र २५ अर्बभन्दा बढी आयात भइआएको छ । सुनको आयात पनि त्यत्तिकै हुने गरेको छ । सम्भावना रहेको पस्मिना, गलैंचाजस्ता वस्तुका उत्पादन बढाई बजारीकरण नहुँदा नेपालको बाह्यबजार सहभागी अंश कमजोर हुँदैछ । अलैंची, अदुवा, चिया, कफी आदिको गुणस्तरीय उत्पादन निर्यातमा योजनाबद्ध कार्यक्रमको आवश्यकता रहेको छ ।

नेपालको वैदेशिक व्यापारमा निर्यात-आयात अनुपात वर्षेनी बढेर गएको छ । विश्वबजारमा नेपालको व्यापार अधिकांश देशमा घाटामा चलेको देखिन्छ । त्यसको निराकरणका लागि सरकारको प्रभावकारी योजनातर्फ ध्यान कम गएको देखिन्छ । राजनीतिक दलहरूको ध्यान पनि व्यापार घाटातर्फ गएको देखिँदैन किनभने देशमा सधैँ व्यापार घाटा भइरहेको छ तर उनीहरू प्रभावकारी योजना बनाएर व्यापार घाटा क मगर्न सफल भएका देखिएका छैनन् । नेपालमा करोडौं रुपैयाँमात्र होइन अर्बौं-खर्बौं रुपैयाँमा व्यापार घाटा सदाबहार रहँदै आएको छ । प्रत्येक वर्ष नेपालले आफ्नो वार्षिक बजेट बराबरभन्दा बढीको रकमको व्यापार घाटा व्यहोर्दै आएको छ ।

नेपालको व्यापार घाटा वार्षिक करिब १८ खर्ब रुपैयाँ नाघिसकेको छ तर पछिल्ला वर्षमा अझ व्यापार घाटा बढेर गएको छ । बताइन्छ कि मानिसहरूले उत्पादनमूलक क्षेत्रमा भन्दा पनि बढी विलासी र अनुत्पादक क्षेत्रमा बढी खर्च गर्नुले व्यापार घाटा बढेर गएको छ । यदि सरकारले व्यापार घाटालाई न्यूनीकरण गर्दैलाने हो भने जुन वस्तु तथा सेवामा नेपाल निर्भर रहेको छ त्यस्तो वस्तु तथा सेवाको आन्तरिक उत्पादन बढाउनै पर्दछ । यसका लागि दीर्घकालीन सोच, ठोस कार्ययोजनासहितको कार्यान्वयन चाहिन्छ । अनिमात्र देशको व्यापार घाटा कम हुन सक्दछ ।

CMYK

# आश्वासन होइन, परिणामको खोजीमा मतदाता

**जनताको बलमा यति ठूला-ठूला परिवर्तन भए, परिवर्तनबाट नेता बने तर जनता जहाँको त्यही छन् । राजनीति दल र तिनका नेताहरूले राजनीति नियुक्ति, चुनावका लागि टिकट आदि इत्यादिमा सबैभन्दा बढी प्राथमिकता नातावादलाई दिन्छन् ।**



डा. डीआर उपाध्याय

अझै पनि नेपालको राजनीति त्यति सही ढंगले अघि बढ्न सकिरहेको छैन । राजनीतिको नाममा आ-आफ्नो जीविका चलाउन नेताहरू लागेको देखिन्छन् । नेताहरू बने तर देश बन्न सकेन । यो दुःखद् कुरा हो कि होइन । राजनीतिक दल र तिनका नेतामा इमानदारीता नभएपछि कसको के लाग्छ र ? जनताले विश्वास गरेर पठाएका तिनै जनप्रतिनिधिहरूले जनतामाथि घात गरिरहेका छन् । विश्वास गर्ने कुनै ठाउँ नै छैन । नेताहरू बेइमान भए । जसका कारण देशले फड्को मार्न नसकेको तितो यथार्थ हामीमाझ छ ।

यस परिदृश्यमा अब हामी सबैले गम्भीर भएर सोच्ने बेला आएको छ । अब पनि हामीले सोचेनौं भने देशको उन्नति र प्रगति होइन अझ झन् झन् रसातलमा जाने निश्चित प्रायः देखिन्छ । सत्ता स्वार्थको राजनीतिले देश झन् पछाडि परिरहेको दिनको घामजस्तै छर्लंग नै छ । देशको वर्तमान अवस्थाबाट माथि उठाउन, देशलाई अगाडि बढाउन इमान्दार राजनेताको जरुरी छ ।

वर्तमान राजनीतिले आम जनमानसमा राजनीतिप्रति वितृष्णा व्याप्त छ । राजनीतिक दलका दिनदिनकका क्रियाकलपाले आमजनमानसमा आशाको कुनै त्यान्त्रो बाँकी छैन । दलका नेता र कार्यकर्तालाई राम्रै भएपनि आमसर्वसाधरणले अनुभव हुने गरी केही प्राप्त गर्न सकेका छैनन् । उनीहरूको दैनिकी थप कष्टकर नै रहेको छ । अभाव र महँगीबीच उनीहरूले दैनिकी चलाउन बाध्य छन् ।

अब जनतालाई कुनै बहानामा झुक्याउन सक्ने अवस्था छैन । जनता धेरै चेतनशील भएको अवस्था हो यो । अब राजनीतिलाई सही बाटोमा ल्याउने हो भने यथास्थितिवादी र परिवारवादमा रुमलिनेलाई बिदा गर्नुको विकल्प छैन । मतदाताले चनाखो भएर आफ्नो मतको सही सदुपयोग गर्ने बेला आएको छ । यथास्थितिवादी र परिवारवादलाई बिदा गरौँ, अग्रगामी सोच, नयाँ र युवा नेतालाई अघि सारौँ । यो अहिलेको समग्र जनताको माग र चाहना पनि हो ।

यस आमनिर्वाचनमार्फत हामीले उचित फैसला गर्नुपर्ने अवस्था छ । अब हामी चुप लागेर बस्यौं भने फेरि अर्को पाँच वर्ष पछुताउनेबाहेक अर्को विकल्प हामीसँग रहने छैन । अब हामी आफैँ जाग्नुपर्छ । आमजनता नजागेसम्म मुलुकले निकास पाउँदैन । मुलुकलाई निकास दिन भए पनि जनता जाग्नुपर्छ । अब एक पटक जनता ब्युँझन जरुरी छ । फोहोरी राजनीतिलाई सफा गर्न जनता आफैँ जाग्नुपर्ने बेला आयो । यो चुनावमार्फत राम्रा उम्मेदवारलाई जिताएर फोहोरी राजनीतिलाई सफा गर्नुपर्छ अब । राजनीति सफा भएन भने सबै क्षेत्र फोहोरो हुन्छ । त्यस कारण पनि सबैभन्दा पहिला राजनीति सफा गरौँ ।

राजनीतिको नाम जोडेर सम्पत्ति जोड्नेहरू पनि छन् । त्यस्ताबाट मुलुकले के आश गर्ने ? धेरैजसो राजनीतिक दल र तिनका नेताहरू व्यक्तिगत स्वार्थमा चुर्लुम्मै डुबेका छन् । यसरी देश बनाउन सकिँदैन । नेताहरू सुध्रनुपर्छ । नेताहरू नसुध्रिए आफैँ सकिन्छन् । कसैले सक्नु पर्दैन । लामो समयदेखि नै नातावादको राजनीतिले देशलाई गाँजेको छ । यसबाट देश अझै मुक्त हुन सकेको छैन ।

> मुलुक बनाउने र दृढ इच्छाशक्ति भएको राजनेताको यो मुलुकमा खाँचो छ । अहिलेसम्म देशका लागि सोच्ने र देश बनाउने नेता देखापरेका छैनन् । यो नै हाम्रो देशका लागि दुर्भाग्य हो । सत्ता स्वार्थको राजनीतिले मुलुकको भविष्य बनाउँदैन ।

राजनीतिमा नातावाद घुसेपछि देश बन्न सक्दैन । राजनीति भनेको यस्तो पवित्र चिज हो, जहाँ निःस्वार्थ रूपमा जनसेवा गरिन्छ तर नेपालको राजनीतिमा भने त्यस्तो देखिएन । नेपालको राजनीतिमा समाजसेवाको नाममा व्यापार भएको छ । नेताहरू राजनीतिको नाममा सबै कुरामा सम्पन्न भएका छन् ।

जनताको बलमा यति ठूला-ठूला परिवर्तन भए, परिवर्तनबाट नेता बने तर जनता जहाँको त्यही छन् । राजनीति दल र तिनका नेताहरूले राजनीति नियुक्ति, चुनावका लागि टिकट आदि इत्यादिमा सबैभन्दा बढी प्राथमिकता नातावादलाई दिन्छन् । परिवर्तनका लागि लडेका, पार्टीको लागि योगदान दिएका ती नेता कार्यकर्ताहरू ओझेल परेको जस्तो देखिन्छ । जोसँग पैसा छ त्यो नै राजनीतिमा हावी भएको छ । लामो समयदेखि यस्तो प्रवृत्ति देखिन्छ ।

सत्ता राजनीतिमा राम्रा मान्छेलाई आउन दिइएको छैन । जसले गर्दा देश पछाडि परिरहेको छ । निकै लामो समयदेखि नै देशका जनताले दुःख पाइरहेका छन् । जनताहरू अभाव र महँगी झेलिरहेका छन् । राजनीतिलाई सेवा भनिन्छ तर जब कुनै राजनीतिकर्मी सार्वजनिक लाभको पदमा पुग्छ ऊ जनताको सेवाभन्दा कमाउनेतिर लाग्छ । त्यसो भएर पनि देश बिग्रिएको हो । जनताको सेवाभन्दा व्यक्तिगत स्वार्थमा नेताहरू चुर्लुम्म डुबेपछि कसको के लाग्छ ? सबैभन्दा पहिला नेताहरू आफू बन्छन् त्यसपछि परिवारका सदस्यहरूलाई बनाउँछन् र त्यसपछि नातागोता, आफन्त र आसेपासे बनाउँछन् । यो धेरै पहिलेदेखिको रोग हो ।

आज संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि नातावादमा लागेका छन् । यसरी देश बनाउँन सकिँदैन । जनतामा असन्तुष्टि बढेर जान्छ । त्यसो भयो भने समस्या आउँछ । राजनीतिमा निष्ठा, इमानदारीता र सिद्धान्त चाहिन्छ । त्यो पनि हराउँदै गएको छ । आजको राजनीति यसरी बिग्रिएको छ, पैसाविना उम्मेदवार बन्न डर लाग्छ । राजनीतिमा बेइमानी, धोकाधडी, विचार र कुनै सिद्धान्त नभएकाहरूले जनता अल्मल्याइरहेका छन् । देशले दुःख पाएको यस्तै राजनीतिका कारण हो । लोकतान्त्रिक प्रणालीमा पनि नातावादको राजनीति हावी हुनुभनेको लाजमर्दो कुरा हो । राजनीतिमा नातावाद, परिवारवादको विरोध गर्नुपर्छ ।

लोकतन्त्रका लागि हजारौं नेपालीले प्राणको उत्सर्ग गरे । शहीद, घाइते, अपांगता र बेपत्ता पनि बने । के उनीहरूले प्राणको उत्सर्ग गरेको नेताहरू र उनका परिवार बनाउन हो ? उनीहरूले नेता र उनका परिवारमात्र बनाउनका लागि बलिदान र संघर्ष गरेका थिएनन् । देशको भाग्य र भविष्य बनाउनका लागि बलिदान र संघर्ष गरेका थिए । नेताहरूले यो कुरा बुझेको खोइ ?

नेताहरू अवसरको खोजीमा छन् । अवसरवादी राजनीतिले मुलुक पछाडि परिरहेको छ । निष्ठा, सिद्धान्तभन्दा पनि कसरी चुनाव जितिन्छ भन्ने सोचले नेपाली राजनीति ग्रस्त भएको छ । यस चुनावमा पनि त्यस्तै देखियो । सिद्धान्त र विचार फरक-फरक लिएर हिँडेका छौँ भन्नेहरू चुनाव जित्नकै लागि जोसँग पनि तालमेल र गठबन्धनमा रहेको देखियो । यिनीहरूमा अलिकति लाज सरम भन्ने देखिएन । नेताहरू आफ्नो स्वार्थका लागि कहिले यता कहिले उता गरिरहेका छन् । निष्ठाको राजनीति हराउँदै गयो ।

मुलुक बनाउने र दृढ इच्छाशक्ति भएको राजनेताको यो मुलुकमा खाँचो छ । अहिलेसम्म देशका लागि सोच्ने र देश बनाउने नेता देखापरेका छैनन् । यो नै हाम्रो देशका लागि दुर्भाग्य हो । सत्ता स्वार्थको राजनीतिले मुलुकको भविष्य बनाउँदैन । नेताहरू सत्ता स्वार्थमा लिप्त भएकै कारण देश बन्न नसकेको हो । सत्ता गठबन्धन एक्लाएक्लै चुनाव लड्न डराएर मिलेर चुनावमा जान लागेका छन् । यो पनि मिलीजुली खाने खेलो हो । आज पनि नेपाली कांग्रेसभित्र ठूलै विवाद देखिन्छ । केही दिनअघि शेखर कोइराला समूहले बेग्लै भेला बैठक गरेका थिए । एमालेमा पनि त्यही अवस्था छ । त्यहाँभित्र ठूलो विद्रोह देखिएको छ यो चुनावमा । सत्ता गठवन्धनका कारण मधेसवादी दल पनि विभाजित भएका छन् ।

नेताहरू मुलुकको विकासभन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थमा लागिरहेका छन् । सत्ता गठबन्धनमा रहेका मुख्य दलहरूले सकसले टिकट बाँडफाँट गरे । प्रमुख दल नेपाली कांग्रेसभित्र असन्तुष्ट समूहको चित्त बुझाउन देउवालाई हम्मे हम्मे परेकै हो । दलको विकल्पमा अहिले देशभर स्वतन्त्रबाट उठ्ने समूहप्रति युवा आकर्षण बढ्दो अवस्थामा छ । यसको प्रत्यक्ष असर एमाले, कांग्रेस र माओवादीलाई पर्ने देखिन्छ । अब पनि दलहरू व्यक्तिगत स्वार्थमा अल्झिरहने हो भने जनताले दलको विकल्प खोज्न सक्छन् । अब दलहरूले गम्भीर भएर सोच्ने बेला आएको छ । अब जनताले आश्वासन होइन, परिणाम खोजिरहेका छन् ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
**महाकाली सिंचाइ व्यवस्थापन कार्यालय**
महेन्द्रनगर, कञ्चनपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७९/०६/२६)

यस कार्यालय अन्तर्गत तपसिल अनुसारका ठेक्का नं.मा उल्लेखित कार्यको लागि मिति २०७९/०५/१४ गते प्रभात राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तोकिएको मितिभित्र रितपूर्वक पेश हुनआएका बोलपत्रहरु मध्ये तपसिल बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिइ स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract ID | Description of works | Name of Contractor & Address | Amount (with VAT & PS), NRs |
|---|---|---|---|---|
| 1 | MIMO/STMISP/Kanchanpur / NCB-01/079-080 | Construction of Deep Tube well (10"/6" dia) & pump test | Chandika Drilling & Builders Pvt. Ltd., DNP-4, Kailali | 84,13,627.44 |
| 2 | MIMO/STMISP-Kailali/ NCB-01/079-080 | Construction of Deep Tube well (10"/6" dia) & pump test | Rajan Nirman Sewa, Belaspur-16, Banke | 82,54,177.66 |
| 3 | MIMO/STMISP-Kailali/ NCB-02/079-080 | Construction of Deep Tube well (10"/6" dia) & pump test | Rajan Nirman Sewa, Belaspur-16, Banke | 94,37,974.70 |

कार्यालय प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय संखुवासभा

**क्याटलग सपिङ विधिबाट सवारी साधन 4WD SUV खरिद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९।०६।२६ गते

यस कार्यालयको लागि आवश्यक पर्ने सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ क (८) तथा नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको आधिकारीक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत पत्र आधिकारिकताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र र करचुक्ताको प्रमाणपत्रहरु समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सामानको उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, कम्पनीको आधिकारीक मूल्य र सुविधा सहितको विवरण खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन मिति २०७९/०७/०१ दिनको २ बजे भित्र कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यस कार्यालयमा सुचिकृत भएका सम्बन्धित उत्पादन वा आधिकारिक बिक्रेताको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ । सुचिकृत नभएका फर्महरुले समेत समयभित्र सुचिकृत भै प्रस्ताव दर्ता गर्नसमेत सकिने छ । अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**खरिदको विवरण**

| क्र. सं. | खरिद गर्नुपर्ने मालसामानको नाम | स्पेसिफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | चारपाङ्ग्रे सवारी साधन 4WD SUV | Min. 1900 CC, 4 stroke, diesel engine, Turbo charged, min. 85KW@ rated RPM Engine power, min 250NM@rated RPM Engine Torque, the Engine shall be fully equiped with all necessary items/ accessories and controlling devices for safe, smooth, efficient, economical operation and optimizing vehicle performance producing laser amount of pallitative emissions. | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका विषयहरु Technical Specification बमोजिम हुनेछ । अन्य विवरण यस कार्यालयबाट लिन सकिनेछ । |

सम्पर्क email- daosankhuwasabha@gmail.com, फोन 029562134, 9852058271

रूबी भ्याली गाउँपालिका
गाउँ कार्यपलिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

**गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति : २०७९।०६।२६)

योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको बैंक अफ काठमाडौंमा रहेको आन्तरिक राजस्व खाता नं. ०११०६००००१०५२४ मा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०६/२०७९/०८० | गाउँ प्रहरी सहायक निरीक्षक | सहायक स्तर पाँचौ | १ |
| २ | ०७/२०७९/०८० | गाउँ प्रहरी हवल्दार | सहायक स्तर चौथो | १ |
| ३ | ०८/२०७९/०८० | गाउँ प्रहरी जवान | सहायक स्तर दोस्रो | खुला-४<br>महिला-१<br>जनजाती-१<br>दलित-१<br>जम्मा-७ जना |

१. योग्यता:

(क) गाउँ प्रहरी सहायक निरीक्षकको लागि:
(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ३५ वर्ष ननाघेको वा पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको हकमा ५० वर्ष ननाघेको ।
(आ) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पद भन्दा माथि कम्तिमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) कुनै राजनैतिक पार्टीको सदस्य नरहेको,
(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।
(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३२ इन्च भएको ।
(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको

(ख) गाउँ प्रहरी हवल्दारको लागि:
(अ) दरखास्त आव्हान भएको अन्तिम म्याद सम्ममा घटिमा २१ वर्ष पुगेको र ३५ वर्ष ननाघेको वा पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको हकमा ५० वर्ष ननाघेको ।
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा माध्यमिक तह उत्तीर्ण गरेको वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान वा सो भन्दा पद भन्दा माथि कम्तिमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) कुनै राजनैतिक पार्टीको सदस्य नरहेको,
(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।
(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(ग) गाउँ प्रहरी जवानको लागि:
(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ३० वर्ष ननाघेको
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,
(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।
(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धांक र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त साँथ बुझाउनु पर्नेछ ।
३. **परीक्षाको किसिम:** शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता
४. **परीक्षा केन्द्र:** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
५. **दरखास्त दस्तुर:** गाउँ प्रहरी सहायक निरीक्षकका लागि रु. ६००/- (छ सय) गाउँ प्रहरी हवल्दारका लागि रु. ५००/- (पाँच सय) र गाउँ प्रहरी जवानका लागि रु. ४००/- (चार सय) ।
६. **तलब स्केल:** गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
७. **दरखास्त पेश गर्ने स्थान:** रुबी भ्याली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सेर्तुङ, धादिङ ।
८. **परिक्षा मिति:** दरखास्त संकलन पछि सूचना गरिनेछ ।
९. **सम्पर्क नं.** ९८५६०४५६३६ (सूचना प्रविधि अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कमलपोखरी, ललितपुर
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७९/०६/२६

यस कार्यालयबाट मिति २०७९/०५/१४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा Procurement of Essential Medicines सिलबन्दी दरभाउपत्र नं. (Mahalaxmi/G/SQ/02/079/80) शिर्षकको खरिद कार्यको सिलबन्दी दरभाउपत्र आह्वान भए अनुसार प्राप्त सिलबन्दी दरभाउपत्रहरु मध्ये Sohan Medi Health Pvt.Ltd. ले पेश गरेको कुल कबोल रकम रु. ४,९७,४३६.४० (चार लाख सन्तानब्बे हजार चार सय छत्तिस रुपैंया चार पैसा, भ्याट तथा पी.एस बाहेक) न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**नारायणी नदी व्यवस्थापन आयोजना**
भरतपुर, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(सूचना प्रकाशन मिति : २०७९/०६/२६)*

यस आयोजनाबाट मिति २०७९।०५।०७ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार विद्युतिय खरिद प्रणाली मार्फत रीतपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये तपसीलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

*तपसील:*

| S. N. | Contract No. | Name of Bidder & Address | Accepted Bid Amount (Excluding VAT, NRs.) |
|---|---|---|---|
| 1 | NRMP-NCB-Works-LB -01-079/80 | M/S Pashupati/Shree Geeta/Rojan JV, Khairahani-08, Chitwan | 23,04,92,597.08 |

*आयोजना निर्देशक*

# JHAPA RURAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
TAGHANDUBBA, JHAPA
PROVIENCE 1, NEPAL

**Date of first publication: 2079-06-26(12-10-2022)**

1. Jhapa Rural Municipality invites electronic bids from eligible bidders for the Procurement of Supply And Delivery of Medicine and Accessories.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhapa Rural Municipality, Taghandubba,Jhapa or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. **Information to deposit the cost of bidding document Fee and Bid Security Amount in Bank:**
   Name of the Bank: NIC Asia Bank
   Name of Office :Jhapa Rural Municipality Office
   Office Account (Aantarik Rajaswa Khata) no.: 2022050512514014(for Bid document fee)
   Office Account (Dharauti Khata) no: K2CA051251452407(for Bid Security amount)
   Office Code No:80101325.
5. Electronic bids must be submitted to PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 P.M on 2079-07-15 (01-10-2022). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 P.M on 2079-07-15(01-10-2022) at the office of Jhapa Rural Municipality, Taghandubba Jhapa.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Details Of Contract:**

| S.N | Project Name | Contract Identification Number | Bid Security Amount Nrs. | Bid Validity Period | Bid Document Fee Nrs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Supply And Delivery of Medicine and Accessories. | SQ/JHAPA/ JRM/03/079-80 | 46000 | 45Days+30Days | 1,000.00 |

**Chief Administrative Officer**

# सत्यमोहन जोशीको स्वास्थ्यमा सामान्य सुधार

**हिमालय टाइम्स**
**काठमाडौं, २५ असोज**

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको स्वास्थ्यमा सामान्य सुधार भएको छ । किष्ट अस्पतालका निर्देशक प्रा.डा. सुरज बज्राचार्यले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै उहाँको स्वास्थ्यमा सामान्य सुधार भएको जानकारी दिनुभएको हो ।

प्रा.डा.बज्राचार्यका अनुसार १८ दिनदेखि उक्त अस्पतालमा उपचाररत जोशीको मंगलबारदेखि स्वास्थ्यमा सुधार आएको हो ।

मुटुको चालसम्बन्धी समस्यामा पनि केही सुधार देखिएको र जोशीले सामान्य प्रतिक्रिया दिन थालेका विज्ञप्तिमा उल्लेख छ । 'छातीको निमोनिया



संक्रमण नियन्त्रणका लागि दिइएको एन्टिबायोटिक्स कोर्स जारी छ, अझै उहाँको सघन उपचार कक्षमा नै राखेर उपचार गर्नुपर्ने अवस्था छ,' विज्ञप्तिमा भनिएको छ ।

# 'कसैको चुनावी प्रचारक बन्दिनँ'



**हिमालय टाइम्स**
**काठमाडौं, २५ असोज**

कलाकार हरिवंश आचार्याले आगामी प्रतिनिधिसभाको निर्वाचनमा कुनै दलको पनि प्रचारक बनेर भोट नमाग्ने बताउनुभएको छ । उहाँले समाजिक सञ्जालमा एक पोष्ट गर्दै आफूहरू सबै राजनीतिक दल र उम्मेदवारका साझा मान्छे भएकाले कसैको पक्षमा भोट माग्न नसक्ने प्रष्ट पार्नुभएको हो ।

'कतिसँग गहिरो मित्रता हुन्छ । कतिसँग नाता गासिएको हुन्छ । देशमा जब निर्वाचन नजिकिन्छ । त्यसबखत ति मित्रता, ति नाता र आत्मिय सम्बन्ध गासिएका व्यक्तिहरू निर्वाचनमा उम्मेदवार बन्छन् । त्यसबखत हामीसँग केही आशा राख्नु स्वभाविक हो । मलाई चुनावमा मद्दत गरिदेला, मेरो पक्षमा भोट मागी देला भनेर' उहाँले फेसबुकमा लेख्नुभएको छ ।

उहाँले कसैले पनि चुनावमा आफूसँग प्रचारप्रसारको आशा नराख्न आग्रह गर्दै लेख्नुभएको छ, 'हामी सबै राजनीतिक दल, सबै उम्मेदवारका साझा मानिस हौं । ब्यालेटबक्समा खसाल्ने मतपत्रको कुन चिन्न रोज्ने भन्ने कुरा स्वविवेक हो', उहाँले लेख्नुभएको छ, 'कसैको पक्षमा भोट माग्न, कसैको प्रचारक हुन सकिँदैन यो हाम्रो बाध्यता हो ।'

# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय संकलन सम्बन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना**

चौथो पटक सूचना प्रकाशित मिति २०७९/०६/२६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(ध)६, दफा ६२ क, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ अनुसूची-६ तथा बागमती प्रदेश सरकारको आर्थिक विधेयक २०७९ को अनुसूची ५ बमोजिम यस गाउँ कार्यपालिकाबाट आ.व. २०७९/०८० को सन्दर्भमा सम्झौता मिति देखि लागु हुने गरी २०८० असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** मा उल्लेखित अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, ग्राभेल र माटो बिक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आव्हानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम | स्वीकृत दर रेट: माल बस्तुको नाम | स्वीकृत दर रेट: इकाई | स्वीकृत दर रेट: करको दर रु (मु.अ.कर.बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/IR/01/ 2079/080 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदी) को बिक्रि/श्रोत उपयोग शुल्क | १०१२२३७४३/- | १०,०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा | प्रति घन फिट | रु ९/०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु ९/०० |
| | | | | | | ढुंगा, ग्राभेल,चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु ९/०० |
| | | | | | | माटो | प्रति घन फिट | रु ३/५० |

**ठेक्का सम्वन्धि शर्तहरु :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।
२. बोलपत्र फाराम खरिदकोलागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. **१२२०४०१०००००५** मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को वेबसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०७९/०७/०४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।
३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १० (दशौं) औं दिन मिति : २०७९।०७।०४ को १२:०० बजे भित्र PPMO को वेबसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०७९/०७/०४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु बोल पत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोबल आई एम ई बैंक, डुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **१२२०१०१००००२०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।
५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
६. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैंक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।
७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ।
८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्बन्धित आयोजनाबाट बिक्रि मूल्य असुल गर्नेछ ।
९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | सम्झौताका बखत | ३ | तेस्रो | फाल्गुन मसान्त सम्ममा | सम्पूर्ण किस्ताको भार समान कबोल रकमको २५ प्रतिशत |
| २ | दोस्रो | पौष मसान्त सम्ममा | ४ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।
११. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । मुल्य अभिवृद्धि कर बापतको रकम किस्ता रकम सँगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।
१२. ठेक्का अवधिमा हुनसक्ने बन्द हडताल जस्ता सामान्य कारण केहीदिन कर संकलनको कार्यमा अवरोध भएमा कुनै किसिमको छुट/मिनाह दावी गर्न पाइने छैन । तर असामान्य एवम् विषम परिस्थितिका कारण कर संकलन कार्यमा अवरोध भई ठेक्का सम्झौता रकम असुल हुन नसक्ने अवस्था देखिएमा ठेकेदारले माग दावी गर्न सक्नेछ र सो सम्बन्धमा गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।
१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१४. जुन आ.व.को लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।
१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।
१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कर्यालयमा सुरक्षित रहनेछ ।
१७. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।
१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# भारतको उत्तर प्रदेशका पूर्वमुख्यमन्त्री मुलायम सिंहको राजकीय सम्मानका साथ अन्त्यष्टि

**लखनउ/हिटा ।** भारतको उत्तर प्रदेशका पूर्वमुख्यमन्त्री एवं समाजवादी पार्टीका संस्थापक अध्यक्ष मुलायमसिंह यादवको राजकीय सम्मानका साथ अन्त्यष्टि गरिएको छ । उहाँको शवलाई उत्तर प्रदेशको सफईमा अन्त्यष्टि गरिएको हो । उत्तर प्रदेश सरकारले राजकीय सम्मानका साथ यादवको अन्त्यष्टि गरेको हो । यादवको शव मंगलबार दिउँसो नै मेदान्ता अस्पतालबाट जन्मभूमि सफई ल्याइएको थियो ।

लामो समयदेखि बिरामी हुनुभएका यादवको सोमबार ८२ वर्षको गुरुग्रामस्थित मेदान्ता अस्पतालमा उहाँको निधन भएको हो । यादव गत २ अक्टोबरदेखि उक्त अस्पतालमा उपचाररत हुनुहुन्थ्यो । यादव विगत केही वर्षदेखि बिरामी हुनुहुन्थ्यो र लगातार अस्पतालमा जाने गर्नुभएको थियो । उहाँ बहालवाल सांसद पनि हुनुहुन्थ्यो । तर, उहाँ धेरै सक्रिय हुनुहुन्थेन र सार्वजनिक सभाहरूमा विरलै देखिनुहुन्थ्यो । उहाँ हाल मैनपुरी सिटबाट लोकसभा सांसद हुनुहुन्थ्यो । यादव तीनपटक उत्तर प्रदेशको मुख्यमन्त्री बन्नुभएको थियो । यस्तै उहाँ संघीय सरकारमा रक्षामन्त्रीसमेत बन्नुभएको थियो ।

यादव आठपटक विधायक र सातपटक लोकसभा सांसद पनि निर्वाचित हुनुभएको थियो । उहाँले दुईवटा विवाह गर्नुभयो । मे २००३ मा मृत्यु हुनुभएकी उहाँकी पहिलो पत्नी मालती देवी अखिलेश यादवकी आमा हुनुहुन्थ्यो । मुलायमले साधना गुप्तासँग दोस्रो विवाह गर्नुभएको थियो । मुलायम सिंह र साधनाका छोराको नाम प्रतीक यादव हो । हालै साधनाको निधन भएको थियो । यादवको जन्म २२ नोभेम्बर १९३९ मा इटावा जिल्लाको सैफई गाउँमा भएको थियो । उहाँका बुबा सुगरसिंह यादव किसान हुनुहुन्थ्यो ।



उहाँ पहिलोपटक सन् १९६७ को चुनावमा जसवन्तनगर विधानसभा सिटबाट चुनाव लडनुभएको थियो । त्यसबेला उहाँ २८ वर्षको हुनुहुन्थ्यो । उहाँ राज्यको इतिहासमा सबैभन्दा कान्छो विधायक बन्नुभएको थियो । विधायक बनेपछि उहाँले एमएको पढाइ पूरा गर्नुभयो । सन् १९७७ मा उत्तर प्रदेशमा रामनरेश यादवको नेतृत्वमा जनता पार्टीको सरकार बनेपछि मुलायम सिंहलाई सहकारीमन्त्री बनाइएको थियो । त्यतिबेला उहाँको उमेर ३८ वर्ष थियो ।

### प्रथम राष्ट्रपति रामवरण यादवको पहिलो निजी अतिथि

दिवंगत मुलायम सिंह यादव नेपालमा गणतन्त्रको घोषणापछि पहिलो राष्ट्रपति डा.रामवरण यादवका निजी अतिथिको रूपमा २०६५ भदौमा नेपाल आउनुभएको थियो । उहाँ यादवका पहिलो राजकीय अतिथि (स्टेट गेस्ट) हुनुहुन्थ्यो । करिब तीन दिनको नेपाल बसाइका क्रममा भारतको केन्द्रीय सरकारका रक्षा मन्त्री र पटक-पटक उत्तर प्रदेशका मुख्यमन्त्री रहनुभएका समाजवादी दलका नेताको सम्मानमा यादवले रात्रिभोज दिनुभएको थियो ।

# सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सप्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०७९/०६/२६)

यस नगरपालिका क्षेत्र भित्र रहेर बहने खोला तथा नदीहरुको बगरबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गरि बिक्रीवितरण गर्ने सम्बन्धी ठेक्का नं २-०७९/८० बन्दोबस्तीको लागि म्याद भित्र प्राप्त भएका बोलपत्रहरु मध्ये यस कार्यालयको मिति २०७९/०६/२५ गतेको निर्णयानुसार तपसिलको बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धीत बोलपत्रदाताहरु/सरोकारवालाहरुको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| दोस्रो स्थानमा रही छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम मु.अ.कर बाहेक |
|---|---|
| यदुवंशी निर्माण सेवा (जनकपुर-२,धनुषा) | [illegible]/- |

**Qatar मा रोजगार**

**1. Di Classe Services**

पूर्व स्वीकृती मिति: [illegible] | चलानी नं. [illegible] | LT No.: [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | General Clean Worker | 2 | [illegible] | 1200 | ४३,४९५/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

**2. Al Prashna Facility Management**

पूर्व स्वीकृती मिति: [illegible] | चलानी नं. [illegible] | LT No.: 272830

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|---|
| १ | General Clean Worker | 19 | 0 | [illegible] | 1000 | ३६,१८१/- |
| २ | Labour | 4 | 0 | | 1000 | ३६,१८१/- |
| ३ | Supervisor | 1 | 0 | | 2500 | ९०,४४८/- |
| ४ | Foreman | 2 | 0 | | 2500 | ९०,४४८/- |

अन्तरवार्ता २०७९ कार्तिक २ गते (19 Oct, 2022) यस प्रा. लि. को कार्यालय धुम्बाराही, ललितपुरमा हुनेछ ।

**यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.**
धुम्बाराही, ललितपुर, फोन: ०१-५१५३३३०, ५१५३३३२, Email : documentunitedint@gmail.com

## फेन्सिङको पहिलो स्वर्ण बागमतीलाई

हिमालय टाइम्स

पोखरा, २५ असोज

नवौं राष्ट्रिय खेलकुदअन्तर्गतको फेन्सिङ प्रतियोगितामा बागमती प्रदेशले पहिलो स्वर्ण हात पारेको छ। बागमती टिमले महिला व्यक्तिगत सावर विधामा स्वर्ण जितेको हो। शिक्षा नापितले बागमतीका लागि नवौंमा पहिलो स्वर्ण दिलाउनुभएको हो। उहाँले एपिएफकी उर्मिला लामालाई पराजित गर्दै स्वर्ण जित्नुभएको हो। तेस्रो स्थानमा सेनाका रविना थापा र मनिषा श्रेष्ठ रहनुभयो।

पोखराको ब्याडमिन्टन कभर्डहलमा भएको प्रतियोगितामा इपी महिला व्यक्तिगततर्फ सेनाले बर्चस्व बनायो। सेनाकी इन्दिरा पौडेलले स्वर्ण जित्दा सीता पाठक रजतमा खुम्चिनुभयो। यस्तै, सेनाकी पुजन कुमालले कास्य जित्दा अर्को कास्य एपिएफकी जानुका स्याङ्तानले जित्नुभयो।

पुरुषतर्फ सुदूरपश्चिम प्रदेशका जलेन्द्र शाहीले आफ्नो प्रदेशका लागि स्वर्ण जित्नुभयो। उहाँले बागमतीका सञ्जीव लामालाई पराजित गर्दै स्वर्ण जित्नुभएको हो। सेनाका वीरसिंह शाही र एपिएफका शेरसिंह ऐरीले कास्य पदमा चित्त बुझाउनुभयो।

विजयी खेलाडीहरूलाई बागमती प्रदेशका सदस्य-सचिव सूर्यलाल भण्डारी, सुदूरपश्चिम



प्रदेशका सदस्य-सचिव दीपक सिंह र राष्ट्रिय खेलकुद परिषद्का प्रशासन विभाग प्रमुख मधुसुदन बस्नेतले पुरस्कृत गर्नुभएको थियो।

प्रतियोगितामा दुई विभागीयसहित ६ टिमको सहभागिता रहेको छ। विभागीय टोली नेपाल आर्मी, सशस्त्र प्रहरी बल, गण्डकी प्रदेश, बागमती प्रदेश, प्रदेश नम्बर १ र सुदूरपश्चिम प्रदेशले प्रतियोगितामा भाग लिएका छन्। प्रतियोगितामा प्रत्येक टोलीमा १२ महिला र १२ पुरुष गरी २४ जना खेलाडीले सहभागिता जनाएका छन्।

फेन्सिङअन्तर्गत इपी, फोयल र सावर गरी तीन इभेन्टमा प्रतिस्पर्धा भइरहेको छ। प्रतियोगिता राउण्ड रोविनका आधारमा हुने प्राविधिकले जनाएका छन्।

नवौं राष्ट्रिय प्रतियोगिताको पहिलो स्वर्ण नेपाल पुलिस क्लबले जितेको थियो। पुलिसले पुरुष क्रिकेटमा पहिलो स्वर्ण जित्दै स्वर्ण तालिकामा पहिलो स्थान बनाउन सफल भएको थियो।

## नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताः गण्डकीका सबै जिल्लामा तयारी पूरा

रासस


पोखरा, २५ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको असोज २८ गते औपचारिकरूपमा उद्घाटन हुने भनिए पनि प्रतियोगिताअन्तर्गत केही खेल भने सुरु भइसकेका छन्। खेलअन्तर्गत पुरुष क्रिकेट सम्पन्न भइसकेको छ भने महिला क्रिकेट आयोजनास्थल पोखरामा असोज २३ गतेदेखि सुरु भएको छ। प्रतियोगिताकै महिला तथा पुरुषतर्फको ह्याण्डबल र फेन्सिङ सोमबारबाट सुरु भएको छ।

प्रतियोगिताका लागि आएका खेलाडीको चहलपहलले यतिखेर पर्यटकीय नगरी पोखरा खेलमय बनेको छ। कुल ३६ खेलमा प्रतिस्पर्धा हुने राष्ट्रिय खेलकुदमा क्यानोनिङ र छेलोको प्रदर्शनी खेलसमेत हुने जनाइएको छ। प्रतियोगिता हुने खेलमध्ये अधिकांश पोखरामा नै हुनेछन् भने अन्य गण्डकी प्रदेशका लमजुङ, मनाङ र मुस्ताङबाहेकका सबै जिल्लामा हुनेछन्। विसं २०३८ देखि सुरु राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत २०४० मा दोस्रो राष्ट्रिय खेलकुद सम्पन्न गरेको पोखराले चार दशकपछि घरेलु मैदानमा खेल गराउने सौभाग्य पाएको हो।

आठ हजार खेलाडीसहित अफिसियल, प्रशिक्षकसमेत गरी करिब १० हजार व्यक्ति सहभागी हुने प्रतियोगिता आगामी असोज २८ गते राष्ट्रपति विद्यादेवी भण्डारीले समुद्घाटन गर्ने कार्यक्रम रहेको छ। कात्तिक ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका लागि कास्कीसहित तनहुँ, स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बाग्लुङमा खेलस्थल तोकिएको खेलमैदान व्यवस्थापन उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले जानकारी दिनुभयो।

गण्डकीका सबै जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गत कम्तीमा एक खेल खेलाउने भनिए पनि पूर्वाधारलगायतका कारण लमजुङ, मनाङ र मुस्ताङमा भने यसपटक कुनै पनि प्रतियोगिता हुने छैनन्। सातवटा प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैरआवासीय नेपाली संघ (एनआरएन) गरी कुल ११ टिमबीच प्रतिस्पर्धा हुनेछ। स्वर्ण ३९३, रजत ३९३ र कास्य ६०० पदकका लागि प्रतिस्पर्धा हुनेछ।



खेलकुदअन्तर्गत एथलेटिक्स, महिला क्रिकेट र ब्याडमिन्टन पोखरा रंगशालामा खेलाइनेछ। पुरुष फुटबल, टेनिस, बक्सिङ, भलिबल पुरुष, जिम्न्याष्टिक, ह्याण्डबल पुरुष तथा महिला, सफ्ट टेनिस, स्क्वास र उसु प्रतियोगिता पोखरा रंगशालामा हुनेछ।

यसैगरी जुडो र 'फुल कन्ट्याक्ट' कराँते पोखराको प्रदर्शनी हल तथा शारीरिक सुगठन पोखरा सभागृहमा खेलाइने परिषद्ले जनाएको छ। पौडी पोखराको फिस्टेल एकेडेमी, हक्की महिला गण्डकी बोर्डिङ स्कुल, भारोत्तोलन पोखरा उद्योग वाणिज्य संघको सभाहल, गल्फ पोखरा हिमालयन गल्फ कोर्स, साइक्लिङ, ट्रायथोलन र प्याराग्लाइडिङ पनि पोखरामै हुनेछ। आर्चरी, फेन्सिङ पोखरा रंगशालामा हुनेछ। रग्बी भण्डारढिक खेलमैदान, कबड्डी महिला पुरुष दुवै रञ्जित पार्टी प्यालेस रानीपौवा, खोखो पोखरा रंगशालाभित्रको ह्याण्डबल एकेडेमीमा खेलाइने भएको छ। पोखरा र बाहिरका खेलमैदान राष्ट्रिय खेलकुदका लागि तयारी अवस्थामा रहेको संयोजक गुरुङले जानकारी दिनुभयो।

शनिबार विशेष समारोहमा प्रतियोगिता शुभारम्भ गरिने आइटिएफका केन्द्रीय सचिव एवं बाग्लुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। प्रतियोगिता कात्तिक २ गतेसम्म चल्नेछ। प्रतियोगिताको मुख्य आयोजनास्थल पोखरा भए पनि जिल्ला तहमा समेत खेलस्थल तय हुँदा स्थानीय खेल पदाधिकारी र खेलप्रेमी उत्साहित छन्। खेलाडी र अफिसियलका लागि होटल व्यवस्थापन राष्ट्रिय खेलकुद परिषद्ले गरिसकेको छ। खेल उद्घाटनको दिन दमौली बजारमा हरेक घरअगाडि घडा र ब्यानर राख्ने निर्णय गरिएको छ। प्रतियोगिता सम्पन्न गराउनका लागि व्यास नगरपालिका, विभिन्न टोल विकास संस्था, बजारवासीले प्रतिबद्धता जनाएका छन्।

## सेनाका दुवै टोलीलाई सफलता

**पोखरा/हिटा।** नेपाली सेनाको पुरुष तथा महिला दुवै टिमलाई सफलता हात लागेको छ। नवौं राष्ट्रिय खेलकुदअन्तर्गत भएको ह्याण्डबल प्रतियोगिताको पहिलो दिन सेनाको पुरुष टिमले बागमती प्रदेशलाई ४३-८ को ठूलो अन्तरले पराजित गरेको हो। सेनाको जितमा आकाश अधिकारीको ८ गोल रह्यो। यस्तै, सेनाले महिलातर्फ पनि जित निकाल्न सफल भयो। शान्तिकला राईको १४ गोलको सहयोगले सेनाले मधेश प्रदेशलाई ४६-२ ले पराजित गरेको हो।

पोखरा बहुउद्देश्यीय कभर्डहलमा भएको प्रतियोगिताका अन्य खेलमा पुरुषतर्फ गण्डकी प्रदेश र सशस्त्र प्रहरी बलले पनि जित निकाले। गण्डकीले चन्द्र केसीको १० गोल मद्दतले मधेश प्रदेशलाई ६६-१३ र सशस्त्र प्रहरीले सन्दिप कार्कीको ९ गोल मद्दतले लुम्बिनी प्रदेशलाई ३६-१३ गोलले पराजित गरेको हो। लुम्बिनीका शरण थापाले ९ गोल गरे तापनि आफ्नो टिमलाई जितको स्वाद दिलाउन सक्नुभएन।

महिलातर्फ प्रदेश नं. १ ले कर्णाली प्रदेशलाई २६-२ गोलले पराजित गऱ्यो। प्रदेश १ की उसल राईले ९ गोल गर्नुभएको थियो।

## आइटिएफ तेक्वान्दोको प्रतियोगिता बागलुङमा

**पोखरा/हिटा।** गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आइटिएफ तेक्वान्दो खेल बागलुङमा हुँदैछ। यही असोज २८ देखि कात्तिक ३ गतेसम्म हुने प्रतियोगिताअन्तर्गत बागलुङमा हुन गइरहेको आइटिएफ तेक्वान्दो प्रतियोगिताको तयारीलाई तीव्र पारिएको छ। गण्डकी प्रदेशको राजधानी पोखरासहित विभिन्न जिल्लामा आयोजना गरिएको सो प्रतियोगिताअन्तर्गत आइटिएफ खेलको प्रतिस्पर्धा बागलुङमा गर्न थालिएको छ।

यही असोज २८ र २९ गते बागलुङ बजारको बांगेचौर खेलमैदानस्थित कभर्डहलमा आयोजना गर्न थालिएको नवौं राष्ट्रिय आइटिएफ खेलकुद प्रतियोगिताको तयारीलाई तीव्र बनाइएको आइटिएफका केन्द्रीय सचिव तथा बागलुङ नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो।

'राष्ट्रिय खेलकुद प्रतियोगिता बागलुङमा पहिलोपटक हुँदैछ, त्यसमध्ये बागलुङे खेलाडीको रोजाइ रहेको आइटिएफ खेल जिल्लामा हुँदैछ, हामीले प्रतियोगिताको तयारी तीव्र बनाएका छौं,' उहाँले भन्नुभयो, 'स्थानीय पालिका बागलुङ नगरपालिकाले स्थानीय व्यवस्थापनमा आइटिएफ तेक्वान्दो प्रतियोगिता गर्दैछौं, प्रतियोगिताका लागि ५१ सदस्यीय मूल व्यवस्थापन समिति गठन गरिएको छ।'

उहाँका अनुसार बागलुङ नगरप्रमुख वसन्तकुमार श्रेष्ठको संयोजकत्वमा ५१ सदस्यीय नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आइटिएफ तेक्वान्दो मूल व्यवस्थापन समिति गठन गरिएको छ। समितिले प्रतियोगितामा आएको खेलाडीको व्यवस्थापन गर्ने र उद्घाटन सत्रलाई भव्य बनाउने तयारी गरेको छ। आइटिएफ तेक्वान्दो विधामा सात प्रदेश र तीन विभागीय समूहका २५० खेलाडीबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगितामा २१ स्वर्ण, २१ रजत र ५६ कास्य पदकका लागि प्रतिस्पर्धा हुने भएको राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ। प्रतियोगितामा ४५ रेफ्री सहभागी हुनेछन्। खेलको खर्च नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताले बेहोर्नेछ भने स्थानीय व्यवस्थापनको खर्च बागलुङ नगरपालिकाले गर्ने बागलुङ नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो। बागलुङका लागि राष्ट्रिय प्रतियोगिता गर्ने सौभाग्य प्राप्त भएको जनाउँदै तयारीमा जुटेको उहाँले बताउनुभयो। खेलको मुख्य समारोह यही असोज २९ गते बागलुङको कला, संस्कृति झल्काउने झाँकी, बाजागाजा र कला संस्कृतिसहितको हुनेछ। प्रतियोगिताका लागि बागलुङस्थित बांगेचौर खेलमैदानसहित रहेको कभर्डहल मर्मत गरिएको र बाहिरको प्रांगणलाई सुधार गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो। जिल्लामा आइटिएफमा सर्वाधिक बढी खेलाडी हुनु र राष्ट्रिय प्रतियोगितासमेत बागलुङमा आयोजना हुने भएकाले खेलाडी वर्गमा उत्साह छाएको छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि भएको गण्डकी प्रदेशस्तरीय छनोट प्रतियोगितामा बागलुङले ८५ पदक प्राप्त गरेको थियो।

यही असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सञ्चालनमा आउने सो प्रतियोगिताको गण्डकी प्रदेशस्तरीय छनोट प्रतियोगितामा बागलुङले ४४ स्वर्ण, २२ रजत र १९ कास्य पदक प्राप्त गर्न सफल भएको हो। जिल्लाले गण्डकी प्रदेशस्तरीय छनोट प्रतियोगितामा आइटिएफ तेक्वान्दोमा सबैभन्दा बढी पदक प्राप्त गरेको छ। सो प्रतियोगितामा १७ स्वर्ण, दुई रजत र दुई कास्य पदक प्राप्त गरेको अध्यक्ष खड्काले बताउनुभयो।

## महिला क्रिकेटमा पुलिस विजयी

**पोखरा/हिटा।** नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटमा नेपाल पुलिसले कर्णाली प्रदेशलाई ६३ रनले पराजित गरेको छ। पुलिस क्लबले दिएको १११ रनको लक्ष्य कर्णाली प्रदेशले पछ्याउँदै गर्दा वर्षातले खेल रोकिन पुग्यो। १०.२ ओभरमा खेल जारी रहँदा पानी परेको थियो। वर्षातका कारण बाँकी खेल सम्भव नभएपछि डिएलए मेथडअनुसार पुलिस क्लब ६३ रनले विजयी भएको हो।

खेल रोकिनुअघि कर्णाली प्रदेशले ७ विकेटको क्षतिमा १७ रन जोडेको थियो। कर्णालीका लागि दिक्षा पुरीले सर्वाधिक ७ रन बनाउनुभएको थियो। दिव्या रानाले ३, करिश्मा राईले १ रन जोड्दा कर्णालीका ५ जना शून्य रनमै आउट हुनुभयो। पुलिस क्लबकी सवनम राई, संगीता राई, कविता जोशी, ईश्वरी विष्ट र हिरनमाया रोयले समान १ विकेट लिनुभयो।

टस जितेर पहिले ब्याटिङ गरेको नेपाल पुलिस क्लबले निर्धारित १६ ओभरमा ६ विकेटको क्षतिमा ११० रनको योगफल तयार पारेको थियो। मैदान भिजेका कारण ढिला सुरु भएको खेलमा ४ ओभर घटाइएको थियो।

पुलिसका लागि सम्झना खड्काले २१ बलमा २ चौकाको मद्दतमा २५ रन बनाउनुभयो। यसअघि काजल श्रेष्ठ र कविता कुँवरले पहिलो विकेटका लागि ३३ रनको साझेदारी गर्नुभयो। कविता र काजल दुवैले समान १६ रन बनाउनुभएको थियो। रेवती धामीले १४ रन बनाउनुभयो। कर्णाली प्रदेशका लागि अञ्जु गुरुङले ३ तथा बिना थापा र एञ्जिला क्षेत्रीले समान १ विकेट लिनुभयो। खेलमा पुलिसकी सम्झना खड्का प्लेयर अफ द म्याच हुनुभयो।


# Shree Tribhuwan Secondary School

Gaushala, Mahottari

Madhesh Province, Nepal

**Invitation for Bid**

*(1st Date of publication:12 Oct 2022)*

Shree Tribhuwan Secondary School invites electronic bid from eligible bidders for the following procurement under National Competitive Bidding – Single-Stage: Two-Envelope Bidding procedures.

| S N | IFB No. | Description & Location of work | Bid document fee (NRS) | Bid Security Amount (NRS) | Last date of bid submission | Bid opening Date & Time | Bid Security validity period in days |
|---|---|---|---|---|---|---|---|
| 1 | TSS/WORKS/01-2079/080 | Construction of 3C12 Classroom Building | 5,000.00 | 1,100,000.00 | 10 Nov 2022, 12:00 PM | 10 Nov 2022, 02:00 PM | 90 Days |

Eligible bidder may obtain further information from the office of Shree Tribhuwan Secondary School, Gaushala, Mahottari or visit **https://www.bolpatra.gov.np/egp**.

***Principal***



# Maiwakhola Rural Municipality

## Office the Rural Municipal Executive

Saghu, Taplejung

State no - 1, Nepal

# Invitation for Bids

***Date of First Publication date 2079/06/26***

1. Maiwakhola Rural Municipility, Taplejung invites bids from duly registered eligible national bidders for the following works.

| Contract ID | Descriptions and location of work | Estimated Amount with Vat (Nrs) | Bid Security Amount(Nrs) | Bid Document Fee(Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| M/WORKS/NCB/E/01 | Tirtire Sakphara hudai Kharte jodne sadak starunnati | 1,40,02,138.30 | 3,65,000.00 | 3000 | 120 |
| M/WORKS/NCB/E/02 | Janakalyan Ma Bi –I Bhwan Nirman | 67,99,492.25 | 1,77,000.00 | 3000 | 120 |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| | | | |
|---|---|---|---|
| **Office Name** | Office of Maiwakhola Rural Municipal executive, Sanghu Taplejung | **Last date of purchase** | 2079/07/24 up to office time |
| **Name of Bank** | Sunrise Bank Ltd, Sanghu Taplejung | **Last date of submission** | 2079/07/25 Before 12:00 PM |
| **Rajaswa khata no.** | Maiwakhola gaukaryapalika ga 1.1 antarik rajashwa khata: 0760462124703006 | **Opening** | 2079/07/25 at 14:00 PM |
| **Dharauti Account no.** | Maiwakhola gaukaryapalika ga 3 sthaniya tatha dharauti khata 0760462124703019 | | |

3. Eligible Bidders may refer complete set of bid document for further information at Office of Maiwakhola Rural Municipality, Sanghu, Taplejung or further contact person ( +977 9852660939 ) or PPMO's Website: http://www.bolpatra.gov.np/egp. And Bidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 and Amendments. Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Only eligible bidders with the following key qualifications should participate in this bidding
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


CMYK

## 'हाइड्रोजनमा ब्लिन्डेड फाइनान्स मोडल उपयुक्त'

**हिमालय टाइम्स**

**काठमाडौं, २५ असोज**

हाइड्रोजन उत्पादनको प्रविधिको अवस्था, लगानीको सम्भाव्यता र नीतिगत व्यवस्थापनलगायतका विषयमा बहससहित दुईदिने नेपाल हरित हाइड्रोजन सम्मेलन सम्पन्न भएको छ। सम्मेलनमा नीति निर्माता, विदेशी तथा स्वदेशी विज्ञ तथा लगानीकर्ताले नेपालमा हाइड्रोजन उत्पादनका लागि पूर्वतयारी, खपत तथा बजारीकरणलगायतका विषयमा विभिन्न अध्ययनका आँकडा, विश्व अभ्यासलगायतलाई विश्लेषण गर्दै नेपालमा पनि हाइड्रोजन सम्भव रहेको बताएका छन्। नेपालले आगामी १० वर्षपछि हाइड्रोजन निर्यात गर्न सक्ने सम्भावना रहेको सम्मेलनको निष्कर्ष छ।

नेपालले आफ्नो अवस्था र विश्व अभ्यासको विश्लेषण गर्दै हाइड्रोजन उत्पादनसम्बन्धी नीति तय गर्नुपर्ने जर्मन सहयोग नियोग (जिआइजेड) का वरिष्ठ हाइड्रोजन सल्लाहकार रोल्फ बार्टलेटले बताउनुभएको छ। नेपालले तत्काल व्यावसायिकभन्दा पनि अनुदान तथा सहुलियतपूर्ण नीतिगत व्यवस्थापनको बाटो रोज्नु उपयुक्त हुने उहाँको सुझाव छ। नेपालले खनिज इन्धन तथा रासायनिक मल आयातमा ठूलो समस्या भोगिरहेकाले त्यसलाई प्रतिस्थापन गर्ने गरी नीति निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटवालले बजेट वक्तव्यमार्फत् हरित हाइड्रोजन उत्पादनलाई प्राथमिकतामा पार्न थालेको बताउनुभयो। उहाँले नेपालमा बढी हुने विद्युत् खपत र वातावरणीय संरक्षणको दायित्व मनन गर्दै हाइड्रोजन उत्पादनमा जान नीतिगत व्यवस्थापन गरिने जानकारी गराउनुभयो।

अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदीले नीति बनाउँदा नेपालमा प्राविधिकरूपमा हाइड्रोजन उत्पादन सम्भव हुने, नहुने विषयमा गहन अध्ययन आवश्यक पर्ने बताउनुभयो। तत्काल व्यावसायिकभन्दा पनि पहिलो चरणमा नमुना परियोजना निर्माणमा जान उपयुक्त हुने उहाँको भनाइ छ। रासायनिक मल उत्पादनसम्बन्धी नमुना परियोजना विकास गर्ने सोच सरकारले बनाएको पनि सहसचिव सुवेदीले जानकारी गराउनुभयो।

एमआइटी ग्रुप अफ होल्डिङ्सकी अध्यक्ष जमुना गुरुङले नेपालमा हाइड्रोजन उत्पादन व्यावसायिक नाफाका दृष्टिकोणबाट सम्भव हुने अवस्था नदेखिएको बताउनुभयो। उहाँले भन्नुभयो, 'विश्वमा उपलब्ध प्रविधि तथा प्रतिस्पर्धाको वातावरण हेर्दा अहिले नै नाफामूलक व्यवसायका रूपमा बढाउन सक्ने देखिएन तर वातावरणीय तथा सामाजिक आवश्यकताका हिसाबले यसमा अग्रसर भने हुनैपर्छ।' अनुदान, वातावरण संरक्षण कोष, सहुलियतपूर्ण कर्जा र सरकारको लगानीसहित निजी क्षेत्रको लगानी गरेर जानु उपयुक्त हुने उहाँको भनाइ छ। कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले नेपाली वित्तीय संस्थाको लगानी हाइड्रोजन उत्पादनमा केन्द्रित गराउन राष्ट्र बैंकले आवश्यक नीतिगत व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'राष्ट्र बैंकले विभिन्न क्षेत्रमा निर्देशित कर्जा व्यवस्था गरेजस्तै हाइड्रोजनलाई पनि समेटेमा नेपाली बैंकले पनि लगानी गर्न सक्छन्।'

विन्ड पावर नेपालका प्रमुख कार्यकारी अधिकृत कुशल गुरुङले हाइड्रोजन क्षेत्रलाई पनि राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना बनाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'हाइड्रोजन उत्पादन हाललाई निजी क्षेत्रले व्यावसायिक हिसाबले अघि बढाउन सम्भव नभए पनि आवश्यकताका आधारमा सरकारले सहुलितयपूर्ण व्यवस्थापन र प्राथिमकता निर्धारण गरेर रूपान्तरणकारी योजनाका रूपमा स्थापित गर्नुपर्छ।' अन्तर्राष्ट्रिय मुद्रा कोषका नेपालका लागि आवासीय प्रतिनिधि बावाकर एस फायले हाइड्रोजनमा ब्लिन्डेड फाइनान्स मोडलमा जान सकिने बताउनुभयो। सरकारी वा निजी भनेर छुट्याउनेभन्दा सबै क्षेत्रको लगानी केन्द्रित गर्नु उपयुक्त हुने उहाँको भनाइ थियो। विज्ञहरूले नेपालमा हाइड्रोजनमार्फत् युरिया उत्पादन गर्ने योजना भने बनाउन उपयुक्त हुने बताएका छन्। लगानी बोर्डका इन्जिनियर अक्षित पौडेलले लगानी बोर्डको अध्ययनले नेपालमा रासायनिक मल कारखाना सम्भव रहेको बताउनुभयो। प्रतियुनिट तीन रुपैयाँमा बिजुली पाउने हो भने प्रतिमेट्रिकटन चार सय ३६ अमेरिकी डलरमा रासायनिक मल उत्पादन हुनसक्ने उहाँको भनाइ छ। अर्थ मन्त्रालयका सहसचिव सुवेदीले पनि सरकारले पाइलट परियोजनाका रूपमा रासायनिक मल कारखाना बनाउन चाहेको र यसलाई शीघ्र सम्पन्न नै गर्नुपर्ने बताउनुभएको थियो। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हाइड्रोजन उत्पादनको उद्योग निर्माण गर्न चाहेमा सस्तो र प्रतिस्पर्धी दरमा बिजुली दिन तयार रहेको बताउनुभयो। एमआइटी ग्रुप फाउन्डेसन, ग्लोबल एनआरएन फाउन्डेसन, नेपाल सरकार, अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले संयुक्तरूपमा सम्मेलनको आयोजना गरेका हुन्।

## हुण्डाइका भाग्यशाली विजेता जिसी र गुरुङ

काठमाडौं। हुण्डाइ गाडीको नेपालस्थित आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले विश्वकप २०२२ लक्षित 'गोल अफ द सेन्चुरी' अभियानअन्तर्गतको टेष्ट ड्राइभ क्याम्पेन अर्थात् हुण्डाइ टेष्ट ड्राइभ, वाच फिफा वर्ल्ड कप २०२२ का विजेता घोषणा गरेको छ। क्याम्पेन विजेताले फिफा विश्वकप २०२२ को प्रत्यक्ष खेल कतार गएर हेर्न पाउनेछन्। ११ अक्टोबर २०२२ मा गरिएको लक्की ड्रमार्फत् दुई विजेता छनोट गरिएको कम्पनीले जनाएको छ। कम्पनीले शेरबहादुर जिसी र हस्तमाया गुरुङलाई विजेता घोषणा गरेको छ। दुई विजेताले आफ्नो रोजाइको एक-एक व्यक्ति साथमा लिई कतारमा प्रत्यक्ष विश्वकप २०२२ हेर्न जान पाउनेछन्, जसको सम्पूर्ण खर्च हुण्डाइ नेपालले बेहोर्नेछ। योजनामा सहभागिता जनाउन १९ जुलाईदेखि ३० सेप्टेम्बरसम्म नेपालभरि रहेका हुण्डाइका १७ शोरुमबाट कुनै पनि हुण्डाइ गाडीको टेष्ट ड्राइभ गरी आफूलाई रजिष्टर गर्नुपर्ने थियो। क्याम्पेनले पर्यावरण दिगोपनका लागि हुण्डाइको प्रयासप्रति सबैको ध्यानाकर्षण गरेको कम्पनीले जनाएको छ। फुटबलको विश्वव्यापी आकर्षणका कारण फुटबलमार्फत् पर्यावरणमैत्री व्यवहार अवलम्बन गर्न प्रोत्साहन गरी खेल पारखीलाई जोड्ने लक्ष्यसहितको क्याम्पेन आफ्नो लक्ष्यमा सफल भएको कम्पनीले जनाएको छ।

Province Government
Ministry Physical Infrastructure, Urban Development and Transport Management
Infrastructure Development Directorate
**Urban Development and Building Office**
Pokhara, Kaski
Gandaki Province, Nepal

### Notice for the Letter of Intent

**Date of Publication: 12th October, 2022 (2079/06/26)**

1. Pursuant to Sub Clauses 27(2) and 27(3) of Public Procurement Act 2063, this is to notify all the bidders who had submitted their bids for the contract identification number as mention below, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| SN | Name of Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|---|---|
| 1 | Construction of Multimedia Hall at Top Floor of Block D of Paschimanchal Campus (WRC) | UDBOKASKI/ NCB/W/01/2079/080 | Nawadeep Construction Pvt. Ltd., Bhaktapur-08 | 7,846,259.69 |




रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपलिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

### कृषि स्नातक प्राविधिक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०६/२६)**

प्रस्तुत विषयमा रुबी भ्याली गाउँपालिकाको लागि आ.व. २०७९/०८० संघिय सरकार सशर्त बजेटमा कृषि स्नातक प्राविधिकको लागि बजेट व्यवस्था भएको र कृषि तथा पशुपन्छी मन्त्रालयले जारी गरेको "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९" बमोजिम देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | कृषि स्नातक प्राविधिक | छैटौं स्तर | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको। | रु. १०००/ |

१. **सेवाको किसिम:** करार सेवा
२. **आवेदनमा संलग्न गर्नुपर्ने कागजात:**
- उम्मेद्वारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- कार्य अनुभव भएमा प्रमाण पत्रको प्रतिलिपि,
- पासपोर्ट साईजको ३ प्रति फोटो,

**(पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ)**

३. **उमेरको हद:** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,महिला र अपाङ्गको हकमा २१ वर्ष पूरा भई ४० वर्षननाघेको।
४. **पारिश्रमिक तथा करार अवधि:** "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम।
५. **दरखास्त दिने स्थान:** रुबी भ्याली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सेर्तुङ, धादिङ।
६. **दरखास्त दिने म्याद:** २०७९/०७/२९ गते सम्म कार्यालय समय भित्र
७. **आवेदन दस्तुर बुझाउने बैंक खाता:** बैंक अफ काठमाण्डुमा रुबी भ्याली गाउँपालिकाको नाममा रहेको खाता नं.०११०६०००००१०५२४ (आन्तरिक राजश्व खाता)
८. **छनौट पद्धति:** लिखित परिक्षा/ अन्तरवार्ता
९. **परिक्षा मिति:** दरखास्त सङ्कलन पछि सूचना गरिने छ।
१०. **अन्य जानकारीको लागि:** www.rubivalleymun.gov.np मा हेर्न सकिनेछ।
११. **सम्पर्क नं. ९८५६०४५६३६ (सूचना प्रविधि अधिकृत)**

**प्रमुख प्रशासकीय अधिकृत**

**Naukunda Rural Municipality**
Office of the Rural Municipal Executive
Saramthali, Rasuwa

### Invitation for Sealed Quotation for the procurement of medicine

**Sealed Quotation No: NRM/SQ/Goods/SQ/01-079/080**

***Date of Publication : 12-10-2022***

1. The Naukunda Rural Municipality, Rasuwa invites sealed quotations from registered Suppliers **for the Procurement of Medicine items**.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Naukunda Rural Municipality, Rasuwa., 9818241117, , naukundagaunpalika@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **i.** Name of the Bank : Global IME Bank Ltd. **ii.** Name of Office :Naukunda Rural Municipality, Rasuwa
   **iii.** Office Code no : **iv.** Office Account No : 26204010000001
   **v.** Rajaswa (revenue) Shirshak No : Ga.1.1 Aantarik Rajaswo Khata Naukunda
4. Sealed bids must be submitted to the office Naukunda Rural Municipality, Rasuwa Naukunda Rural Municipality, Rasuwa, Nepal through e-GP system i.e www.bopatra.gov.np/egp on or before 04-11-2022 12:00.Bids received, after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-11-2022 13:00at the office of Naukunda Rural Municipality, Rasuwa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50,000.00 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[262040100002] at [Global IME Bank Ltd.,Naukunda Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

***Chief Administrative Officer***

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल